अन्तिम लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका
तनहुँ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

घिरिङ गाउँपालिका

तनहुँ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १०

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,
घिरिङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तनहुँ,।

१. **कैफियत सहितको राय** — हामीले घिरिङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड **३३** लाख ११ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४८ लाख ४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १२ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२२ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ५० लाख ५ हजार रहेको छ । घिरिङ्ग गाउँपालिकाको गतवर्ष सम्म रु.७ करोड ७ लाख ४४ हजार बेरुजू बाँकी

रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ९२ लाख ५१ हजार रहेको छ । घिरिङ्ग गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी घिरिङ्ग गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

घिरिङ्ग गाउँपालिका,

तनहुँ, जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
२८	२९	३३३११	०	१	४८०४	२८	२८	२८५०७	१२९७	२५००५	२२०५	०	०	२७२१०	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ,	७०७४४	०	०	७०७४४	०	२८५०७	९९२५१

३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८०	३६	प्रमाण कागजात पेश	४८०४
	जम्मा			४८०४

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

२ **परिचय**

(क) कार्यालय परिचय :-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको क्षेत्रफल १२६ वर्ग किलोमिटर र जनसंख्या २०७८ को जनगणना अनुसार १४ हजार ३३४ जना तथा ५ वडा र ३० सभा सदस्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।२४ देखि २०८०।१०।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ५४४२४०७३८।५४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा बढी भुक्तानी रकम औल्याए पश्चात रु.१८८१०१। असुल भइ दाखिला भएको प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको साविक गा बि स हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म=ले=प=फा= नं= २७२ ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• गाउँपालिका भित्र कार्यक्रम गर्दा गाउँपालिका कानून खर्चको मापदण्ड २०७६ को परिधिमा रहेर गर्नुपर्ने ।

• गाउँपालिका अन्तर्गत रहेका सबै वडा कार्यालय लगायत अन्य सबै शाखावाट संकलित राजस्व दैनिक रूपमा बैक दाखिला गर्नुपर्ने देखिएको छ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तिरत शशर्त बजेट तथा कार्यक्रम, संघिय र प्रादेशिक स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम, धरौटी, प्रकोप व्यबस्थापन कोष, कर्मचारी कल्याण कोष, लगायतका कोष खाताहरु लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चहरुको लेखाकंन सुत्रमा राखि प्रतिवेदन समेत २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।

• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
।

सैद्धान्तिक बेरुजु

३ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका

प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले २०७९।०३।१० गते रू ५० करोड ४२ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।०३।१० मा पारित गरी २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने लिखित अख्तियारी प्रदान गरेको देखियो ।

सैद्धान्तिक बेरुजु

४ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र सं	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	६,००,६७,०००/-	२,८४,२४,७४०.६०	४७.३२%
२	पूर्वाधार विकास	१३,७२,७३,१४०/-	७,९२,४८,९९२.६८	५७.७३%
३	सामाजिक विकास	२३,०६,१४,०००/-	९,८९,१२,९४०.५०	८६.२५%
४	सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र	१,२९,००,०००/-	५८,७४,६६०.६०	४५.५४%
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८,६७,४८,०००/-	७,९८,६५,९४७.३६	९२.०७%
	जम्मा	५२,७६,०२,१४०/-	३९,२३,२७,२८१.७४	७४.३६%

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:
खर्च बिश्लेषणः नगरपालिकाले यस वर्ष गरेको आन्तरिक आम्दानी रु.४१२१७४३।, गतवर्षको मौज्दात अ. ल्या.रु.५७६४१०९३।र राजस्व बाँडफाँड तथा अनुदानबाट रु. ३७,६८,९१,९१४.८६ समेत रु.४३४५३३००८। आम्दानी गरेकोमा चालु तर्फ रु. २३०४९९६१९। पूँजिगत तर्फ रु. १६,१८,२७,६६३। र वित्तीय व्यवस्था तर्फ रु.शुन्य समेत रु. ३९२३२७२८२। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०५ प्रतिशत रहेको छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ

सैद्धान्तिक बेरुजु

५ **चौमासिक खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयले स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको निम्न विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा अन्तिम चौमासिक एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा बढी खर्च गरी हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममको व्यवस्था अनुरुप आषाढमा अधिक खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

(रु. हजारमा)

क्रं. सं.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
२	पूँजिगत खर्चतर्फ	१६१८२७	१६६५५	३००११	११५१६१	६२५९०
	जम्मा	१६१८२७	१६६५५	३००११	११५१६१	६२५९०
	प्रतिशत	१००%	१०.२९%	१८.५४%	७१.१७%	३८.६८%

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था गरेको छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्दछ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्दछ ।

• संस्था दर्ता ऐन, 2034 को दफा ३ अनुसार गाउपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरि दर्ता हुनुपर्नेमा भएको नदेखिएकोले दर्ता हुनुपर्दछ ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयगत क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

• स्थानिय तह्ले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैंक खडा गर्नुपर्दछ ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्दछ ।

• स्थानीय तह्ले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्ने देखियो ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को ११ मा निर्माण कार्य सम्पन्न गरि सकेपछि भौतिक सँरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढि वर्षमा विनियोजन हुन सक्ने देखिएकोले प्रत्येक वर्षमा सम्पन्न भएको योजनाहरुको लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट जनसह्भागिता जुट्ने र उपभोक्ता आफैले कार्य गर्ने आयोजनालाई प्राथमिकता गर्नुपर्दछ ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गर्नुपर्दछ ।

• वडा तथा शाखाहरूवाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडा तथा शाखागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेकोमा यसलाई सुधार गर्नुपर्ने देखिएको छ ।

• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले ७ देखि ८ महिना पछि मात्र दाखिला गर्ने गरेकोले यसलाई नियमीत बनाउनुपर्ने देखिएको छ।

• आर्थिक वर्ष २०७९।८० को लागि कार्यालय तथा मातहत आवश्यक पर्ने कार्यालय सामाग्री खरिदको लागि स्वीकृत वार्षिक खरिद योजना बमोजिम प्रचलित कानून बमोजिम खरिद प्रक्रिया गर्नुपर्नेमा कार्यालयको आवश्यकता बमोजिम पटक पटक कोटेशन मार्फत सामाग्री खरिद गरेको देखिएको हुँदा खरिद योजनाको आधारमा एकमुष्ट खरिद कार्य गर्नुपर्ने देखिएको छ ।

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गरेको अभिलेख राख्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत आर्थिक वर्ष २०७९।८० को लागि कार्यालय तथा मातहत आवश्यक पर्ने कार्यालय सामाग्री खरिदको लागि स्वीकृत वार्षिक खरिद योजना बमोजिम प्रचलित कानून बमोजिम खरिद प्रक्रिया गर्नुपर्नेमा कार्यालयको आवश्यकता बमोजिम पटक पटक कोटेशन मार्फत सामाग्री खरिद गरेको देखिएको हुँदा खरिद योजनाको आधारमा एकमुष्ट खरिद कार्य गर्नुपर्ने देखिएको ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र सो अनुरुप गरेको कन्टिन्जेन्सी खर्च स्पष्ट देखिने गरी खाता राखेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

• पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको देखिएन।

• पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको छैन ।

• पालिका प्रमुखले पालिका क्षेत्र भन्दा बाहिर ३ दिन भन्दा बढी अवधीको भ्रमण आदेश यथासम्भव अग्रीम रुपमा र अग्रीम रुपमा सम्भव नभए लगतैको कार्यपालिका बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा गर्ने गरेको देखिएन ।

• कतिपय भ्रमण खर्चको विल साथ भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन ।

• मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ ।

• कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गर्ने गरेको छ।

• गोश्वारा भौचर साथ संलग्न विल भरपाई अनुसार हुने खर्चको तेरिज तयार गरी राख्ने गरेको छैन।

• विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढीलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, 2077 परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना भएको देखिएन,

• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ५५ जना कर्मचारीहरु करारमा राखी रु. ११९९८६८५।७३ भुक्तानी दिइ खर्च लेखेको छ । कार्यालयले आन्तरिक श्रोतको दिगो व्यवस्थापन र कार्य बिश्लेषण सहित संगठन व्यवस्थापन र सर्भेक्षण गरेर मात्र थप दरवन्दी स्वीकृत गर्नुपर्नेमा सोबेगर नै सभाले दरवन्दी थपगरी करारमा नियुक्ति गर्ने कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

(क) साविक सामान्य प्रशासन मन्त्रालयको मिति 2074/01/25 को परिपत्र अनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीहरूले सुरू तलब, पोषाक भत्ता तथा चार्डपर्वको रकम मात्र दिन मिल्ने उल्लेख रहेको छ । कार्यालयले स्वीकृत दरवन्दी बेगर करार सेवामा कार्यरत ५५ जना कर्मचारीहरूलाइ शुरू तलवका अतिरिक्त रू. 2000। का दरले शुरुका ४ महिनासम्म मासिक महंगी भत्ता दिइ कुल भुक्तानी रू.4,40,000/- गरेको छ । उक्त रकम गा.पा.को निर्णय अनुसार भएको देखिन्छ । आफ्नो आन्तरिक आम्दानी कमजोर र न्युन रहेको अवस्थामा कानुनी आधार बेगर पालिकाको निर्णयका आधारमा भुक्तानी दिएको उक्त महंगी भत्ता रकममा सामाजिक सुरक्षा कर 1 प्रतिशतका दरले हुन आउने रू.44०0/- कट्टी गरी बाकी हुन आउने रकम सम्बन्धित कर्मचारीहरुवाट अशुल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औंल्याएको रू. ४३५६००।

(ख) स्विकृत दरवन्दी वेगर करार सेवाः स्थानीय सरकार सञ्चालन एन, 2074 को दफा ८३ को उपदफा ६ मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धी आदि पदमा बाहेक अन्य पदमा तथा सेवा करारवाट पदपुर्ती गर्न नसकिने कानुनी व्यवस्था छ । सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४/१२/१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, 2074 मा स्विकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारी राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । यस गाउँपालिकाले दरवन्दी बेगर गाउँपालिकामा खेलकुद प्रशिक्षक नियुक्ति गरि मासिक रुपमा रु.2९९00। का दरले मिति 20८० साल जेठ ११ गते सम्मको तलब तथा चार्डपर्व खर्च भुक्तानी गरेको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औल्याएको रू. 339864।

गाउँसभा र कार्यपालिका बैठकले खेलकुद प्रशिक्षक गाउँपालिकालाइ आवश्यक ठानी निर्णय गरी विगत देखि राख्दै आएको कारण निजलाइ निरन्तरता दिइएको र २०८० साल जेठ ११ गते वाट कानुनले नमिल्ने भनि हटाइएको जवाफ कार्यालयको रहेको छ ।

	सैद्धान्तिक बेरुजु

८ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

	सैद्धान्तिक बेरुजु

९ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजना संख्या	खर्च रकम

१	रु १ लाख भन्दा कमको योजना	१५८	१३३१५०००
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१३५	३६१४००००
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	९	६७६००००
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	१	२००००००
५	५० लाख भन्दा माथिका योजना	८	७२००००००
	जम्मा		१३०२१५०००

सैद्धान्तिक बेरुजु

१० **. योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **योजना अनुगमन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मा सार्वजनिक निकायले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र बाह्रय परामर्श सेवा लिन सकिने उल्लेख रहेको छ । कार्यालयले योजनाहरु अनुगमन गर्न भनि बिज्ञ रवि आचार्यलाइ नियुक्त गरी गौ भौ नं।मिति १९७।०८०।१।२९ बाट रु ४० हजार पारिश्रमिक भुक्तानी दिएको छ । कार्यालयमा ५ वटा वडा कार्यालयहरुमा १/१ जना र पालिकामा ३ जना समेत ८ जना इन्जिनियर र सब इन्जिनियरहरु स्थायी र करार नियुक्ति मार्फत कार्यरत रहेको अवस्थामा निजहरुबाट

योजनाहरुको अनुगमन के कति कारणले हुन सकेन सोको पुष्ट्याइ र कारण उल्लेख नगरी बिज्ञ नियुक्त गरी योजनाहरुको अनुगमन गराएको रु

अनियमित भएको	४०,०००

१२ **पूँजीगत बजेटमा चालु तथा उपभोग खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख रहेको छ । नियमावली, २०७७ को नियम ३९ उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ ।पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसार पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने र उपभोग प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकबाट खर्च गरी भुक्तानी दिएको पाईयो । उदाहरणको लागी पालिका पुजीगत खर्च शिर्षक अन्तरगतका केही गौ भौ नं लाइ परीक्षण गरी हेर्दा निम्नानुसार देखियो । यसप्रकार गरेको खर्च रकमलाइ कानुनसम्मत भन्न मिल्ने नदेखिएको रु

सि.नं.	गौ भौ नं/मिति	खर्च गरेको शिर्षक	खर्च रकम
१.	१७०।०८०।१।१४	करारका कर्मचारी ४३ जनाको फागुन र चैत्रको तलब, फिल्ड भत्ता र पोशाक भत्ता	१५६००६६
२.	१७१।०८०।१।१४		१५५२६४
३.	३१८।०८०।३।३	करारका कर्मचारी ४४ जनाको तलब रफिल्ड भत्ता	११४९८२३
४.	३१९।०८०।३।५	करारका कर्मचारी ४३ जनाको आषाढको तलब र फिल्ड भत्ता	११३८८५९
५.	३२९।०८०।३।३	वडा नं ३ का.स. रुमिता थापा छुट तलव भुक्तानी	१७२५०
६.	३६८।०८०।३।८	शिक्षकको थप तलव बिद्यालयलाइ निकासा	९२८२३५

		जम्मा	४९४९४९७

बजेट प्रविष्टी हुँदाकै वखत करार सेवा शुल्कमा कर्मचारीको लागि आवश्यक पारिश्रमिक थोरै अनुमान गरी प्रविष्टी भएकोमा पछी तलव भत्ता भुक्तान गर्नका निम्ति वजेट अपुग भएको कारण र चालु खर्च तर्फ कुनै पनि कार्यक्रमबाट रकमान्तर गर्न वजेट पर्याप्त नभएकोले गाउँसभावाट निर्णय गराई पुँजिगत तर्फ कार्यक्रम रकमान्तर गरी तलव भत्ता भुक्तान गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

अनियमित भएको	४९,४९,४९७

१३ **. पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. ७१२९९२१।पदाधिकारी सुविधामा भुक्तानी गरेको बिबरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **. सिफारिश तथा सेवा प्रवाह**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

विवरण	सिफारिस भएको संख्या
जन्मदर्ता	७०२
मृत्युदर्ता	१७०
बसाईसराई भई आउनेको दर्ता	९
बसाईसराई भई जानेको दर्ता	१२६

विवाह दर्ता	३२८
सम्बन्ध विच्छेद दर्ता	५०
नाता प्रमाणित	३५
घरबाटो सिफारिस	२३५
नागरिक्ता सिफारिस	९००
चार किल्ला सिफारिस	१११
अन्य दर्ता तथा सिफारिस	३८०५

	सैद्धान्तिक बेरुजु

१५ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष २० मुद्दा दर्ता भएकोमा १३ वटा फछ्र्यौट भएको ७ वटा फछ्र्यौट हुन बाँकि रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्ने देखिन्छ।

	सैद्धान्तिक बेरुजु

१६ **. खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ रु.३७९५२९। खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

	सैद्धान्तिक बेरुजु

१७ **खर्च सम्वन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही विविध खर्च गर्नुपर्ने व्यवस्था छ । कुनै रकमको भुक्तानी दिंदा रित पूगे वा नपूगेको जांच गर्नू पर्ने र खर्च भएको सवै रसिद विल भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखा प्रमूखले "भुक्तानी भएको" जनाई दस्तखत गरी प्रमाणित गर्नू पर्ने उल्लेख भएकोमा खर्च भएका सवै रसिद विल भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखा प्रमूखले भुक्तानी जनाई प्रमाणित गर्नुपर्दछ । कतिपय खर्चका लागि लेखिएका होटलका विलहरु हेर्दा के प्रयोजनका लागि रकम खर्च भएको हो भन्ने कूरा एकिन गरि खुलाउनु पर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएको छ ।

	सैद्धान्तिक बेरुजु

१८ **तलब भत्ता बढि भुक्तानी**

यस पालिका अन्तर्गत वडा नं. ३ मा कार्यलय सहयोगीको रूपमा कार्यरत बल बहादुर थापाले मिति २०७९ फागुन मसान्तरमा राजिनामा दिएको हुनाले उहाँले खाइपाइ आएको तलब भत्ता भन्दा रू 48804.5 बढी रकम भुक्तानी भएकोले बढी हुन आउने रकम यस पालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्ने रू. 48804।

	असुल गर्नुपर्ने	४८,८०४

१९ **डोजर संचालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिनकाले आ. ब. २०७९/०८० मा कुल १०९६.२ घण्टा सञ्चालन भएको सानो JCB को प्रतिघण्टा रु ३००० का दरले हुने रु ३२८८६०० आम्दानी गर्ने बराबरको कार्य गरेको डोजर संचालन भएको तथ्याङ्कबाट खुल्न आयो। तर पालिकाले डोजर सञ्चालनबाट के कति मुल्य बराबरको कार्य कहाँ कहाँ भयो र के कति आम्दानी भयो भनि खुल्ने गरि अभिलेख व्यवस्थित गरि आम्दानी जनाएको छैन। छलफलका क्रममा डोजर सञ्चालनको लगबुक व्यवस्थित गरि राखेको जनाएको छ। साथै अपरेटर तलब भत्तामा रु ४८७१५९, JCB मर्मतमा रु४७२८४७ तथा ईन्धन खरिद र ढुवानीमा रु १५७८०७९ गरी डोजर सञ्चालनमा कुल रु.२५३८०८५ खर्च गरेको छ। यसरी आम्दानी भन्दा बढी खर्च हुने किसिमले डोजर सञ्चालन गर्दा पालिकाको आन्तरिक आयमा थपभार पर्न गएको देखियो। पालिकाले आगामी दिनमा यस्तो खर्चमा मितव्ययीता अपनाउनु पर्दछ । साथैं उक्त कुल १०९६.२ घण्टा सञ्चालन भएको सानो JCB को प्रतिघण्टा रु.३००० का दरले हुने रु ३२८८६०० आम्दानी गर्नुपर्ने मध्ये ३७३ घण्टा ड्राइभरलाइ भत्ता खर्च लेखेको तर उक्त समय जेसिबि संचालन भइ आम्दानी गरेको प्रमाण पेश हुन आएको नदेखिएकोले सोको वास्तविक कार्य भएको खुल्ने प्रमाण कागजात सहित आन्तरिक राजश्व खातामा दाखिला भएको प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु

	प्रमाण पेश नगरेको	११,१९,०००

२० **कन्टिन्जेन्सीः**

कन्टिन्जेन्सीःसार्वजनिकखरिदनियमावली, २०६४कोनियम१०कोउपनियम (७) सँगसम्बन्धितअनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस बर्ष बिभिन्न योजनाको लागत अनुमान अंकको ३ प्रतिशतले हुने रु ३८३१६६३। कन्टिन्जेन्सी वापत रकम छुट्टाइ बजेट खर्च लेखेकोमा रु ५६७१०४। खर्च गरी रु ३२६४५५८। बाकी रहेको बिबरण पेश गरेको छ । यसप्रकार बास्तविक खर्च नभइ बजेट खर्च लेखी छुट्टाएको कन्टिन्जेन्सी रकमले खर्चकोवास्तविक यथार्थता चित्रण गर्दैन । यसरी छुट्टाएको कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यालयलेव्यवस्थितअभिलेखनराखीखर्चगर्नेगरेको देखियो।तसर्थ कटिन्जेन्सीको व्यवस्थित अभिलेख राखि खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ।

	सैद्धान्तिक बेरुजु

२१ **धरौटी**

कार्यालयले पेश गरेको धरौटी खाताको श्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा धरौटी बांकी रु. ७७००३९९।९७ रहेको छ।तर बैंक स्टेटमेण्ट अनुसार धरौटी बाकी रु.७६६३६१९।९७ रहेको व्यहोरा बैंक स्टेटमण्ट र सुत्रले जारी गरेको बैंक नगदी कितावबाट देखिन आयो ।यसप्रकार धरौटीको बैंक खातामा रहेको घटी धरौटी रकम रु.३६७८०।सम्वन्धमा यथार्थता छानविन गरी असुल गर्नुपर्ने देखिएको रु.

	असुल गर्नुपर्ने	३६,७८०

२२ **बैंक रिकन्साइल स्टेटमेन्ट**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७९ को उपनियम (२) मा कार्यालयले करदाताबाट वैङ्कमा जम्मा हुन आएको वैङ्क भौचर र नगद सङ्कलन गरी बैङ्कमा दाखिला गरेको बैङ्क भौचरको विवरण छुट्टाछुट्टै खातामा प्रविष्टि गरी महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा लेखा राखु पर्नेछ, साथै उपनियम (४) मा कार्यालयले करदाता वा सेवाग्राहीबाट चेक वा ड्राफ्टको रूपमा प्राप्त भएको राजस्व सम्बन्धित वैङ्कबाट राजस्व खातामा जम्मा भएको भौचर प्राप्त भएपछि मात्र आम्दानी जनाउनु पर्नेछ र उपनियम (५) मा नगद वा वैङ्क भौचरको रूपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्नेछ भन्ने उल्लेख छ। पालिकाले करदाताबाट सिधै बैङ्कमा जम्मा हुन आएको वैङ्क भौचर र नगद सङ्कलन गरी बैङ्कमा दाखिला गरेको बैङ्क भौचरको विवरण छुट्टाछुट्टै खातामा प्रविष्ट गरी महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा लेखा राखेको पाईएन । पालिकाले छलफलको क्रममा विभिन्न समयमा सेवाग्राहीले सिधै बैंकमा जम्मा गरेको रकमको सोही भौचरमा उल्लेख भएको रकम बराबरको नगदि रसिद काटी सेवा ग्राहीलाई दिँदा नगदी रसिद र बैंक दाखिला दुबै तर्फ आम्दानी देखिन गएकोले हिसाब मिलान नभएको जनाएको छ। यसरी उपरोक्त बमोजिम पालिकाको गाउपालिकामा रहेको संकलन केन्द्रले २०७९/०८० मा कुल संकलन गरेको रकम रु ३७५२०५ मध्ये दाखिला रु १८७२७५ मात्र भएको देखिएकोले कानुनबमोजिम हिसाब मिलान गरी नियमसंगत गर्नुपर्ने रु

	अनियमित भएको	१,८७,९०३

२३ **राजश्व जम्मा**

यस कार्यालयले आन्तरिक नियन्त्रणको लागि मलेप फा.न 904 (साविक फाराम न 118) अनुसारको 17 कोलम खाता राख्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, 2076 को दफा 27(1) र आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली 2077 नियम 58 मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाइ प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्याक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्नेछ । रसिद नियन्त्रण खाता मलेप फारम न 904 अनुसार राखेको देखिदैन । रसिद नियन्त्रण खाता राखी नगदी रसिदको आम्दानी खर्च यथार्थ परक ढंगवाट लेखा राखिनुपर्छ । नगदी रसिदवाट उठेको राजश्व बैक दाखिला भोलि पल्ट नै गरेको देखिदैन । कानुनमा भएको ब्यवस्थाको पालना गरी उल्लेखित विषयमा सुधार हुनुपर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२४ **पेश्की वाँकी विवरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ती तथा संस्थाले देहाय बमोजिम लिएको मोबिलाइजेशन लगायत अन्य पेश्की रु. ८०६०६९१। आर्थिक वर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नभई बाँकी रहेको देखिएको हुदा नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ ।

गौ भौ नं। मिति	पेश्की लिनेको नाम	म्याद ननाघेको पेश्की बाकी रकम	म्याद नाघेको पेश्की बाकी रकम
१-२०७९/०४/०१	अत्रौली शित भण्डार निर्माण	२५००००००	०.००
१-२०७९/०४/०१	२०७७/७८ भुत्तानी वाँकी रकम	१३००००००	०.००
६६-२०७९/११/१२	घ्याछाप पुट्टार मोटर मार्ग कालाेपत्रे	१४०२०५८	०.००
१००-२०७९/१२/०८	मदन मोटरमार्ग कालोपत्रे	७०००००	०.००
२-२०७९/१२/१२	पशुपति मोटर मार्ग निर्माण (वडा नं. ३)	७०००००	०.००
१९६-२०८०/०१/२९	काठेकोट अत्रौली मोटरमार्ग कालाेपत्रे	७५८६३३	०.००
२३५-२०८०/०२/०७	मदन मोटरमार्ग कालोपत्रे	४०००००	०.००

११-२०८०/०२/१७	पशुपति मोटर मार्ग निर्माण (वडा नं. ३)	३०००००	०.००
जम्मा		८०६०६९१	०.००

सैद्धान्तिक बेरुजु

२५ **पेश्की जमानत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ उपनियम (३) मा पेश्की जमानत सम्वन्धी प्रावधान रहेको छ ।पालिकाको कार्यालयले देहायको ठेक्का सम्झौतामा दिएको मोविलाइजेशन पेश्की रकम लेखापरीक्षण अवधिसम्ममा फर्छ्यौट नभइ बाकी रहेको देखिएकोमा उक्त पेश्की बाकी रकमको बैंक जमानतको मान्य अवधी समाप्त भइ जोखिममा पर्न गएको देखियो । यसमा सम्वन्धितको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

सि. न	कामको विवरण	निर्माण व्यवसायी	पेश्की बाकी
१	अत्रौली शित भण्डार निर्माण कार्य	R. and C. Yes / Kasyap Jv.	२५लाख
२	पशुपति मोटर मार्ग कालोपत्रे	प्रविन कन्स्ट्रक्सन	१० लाख
३	मदन मोटर मार्ग निर्माण कार्य	प्रविन कन्स्ट्रक्सन	४ लाख
४	काठेकोट अत्रौली मोटर मार्ग निर्माण	गोजी इन्फ्राटेक प्रा ली	७५८६३३
५	घुमाउने ताल निर्माण कार्य	साउथ एसियन- निर जे भी.	५४०८३१
६	ग्याछाप पुट्टार मोटरबाटो पिच गर्ने कार्य	क्याम्प कन्स्ट्रक्सन प्रा लि	१४०२०५८

सैद्धान्तिक बेरुजु

२६ **. बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई विल भरपाईको आधारमा जनश्रमदानको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सक्कल विल भरपाईको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो. भौ. नं. ४६९/०८०/३/२१ मा राधाकृष्ण मार्ग उपभोक्ता समितिलाई भुक्तानी दिँदा तोकिएको Skilled श्रमिकलाई रु ११०० र unskilled श्रमिकलाई रु ७७० दर भन्दा बढी दरले डोर हाजिरीमा जनाई बढी भुक्तानी भएको सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु

असुल गर्नुपर्ने	२४,७६०

२७ **दररेट फरक परी भुक्तानी**

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजानिक निकायले रनिङ्ग विल वा अन्य विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्रबिधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यलयले देहायका उपभोक्ता समितिको विल भुक्तानी गर्दा निम्न कार्यको दररेट फरक पारी भुक्तानी भएकोले उक्त बढी रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

भौचर नं. र मिति	आयोजनाको नाम	प्रयोग भएको सामाग्रि	परिमाण	भुक्तानी दर	नर्मस दर	बढी दर	बढी भुक्तानी
६८/०७९/११/१६	ठाडो गल्ली मोटरमार्ग निर्माण उ. स.	प्लम कंक्रिट मानिस	९.८	८९५७.	८७२५.६५	231.37	2267
१०९/२०७९/१२/१३	भनटार कुलो मर्मत उ. स.	प्लम कंक्रिट मानिस	७.२३	८९५७.	८७२५.६५	231.37	1673
जम्मा							**3940**

असुल गर्नुपर्ने	३,९४०

२८ **लागत अनुमान र मूल्याङ्कनको तुलना**

पालिकाले उपभोक्ता समिति मार्फत विभिन्न निर्माण कार्य गर्दा लागत अनुमानको तुलनामा अत्याधिक घटी कार्यको मुल्याङ्कन गरेको पाइयो। यसले लागत अनुमान यथार्थपरक भएको देखिएन। सम्पन्न भएको कार्यको परिमाण र गुणस्तर तोकिएभन्दा कम हुन सक्ने देखियो। पालिकाले आगामी दिनमा यस कार्यमा सुधार गर्नुपर्छ। यसका केही उदाहरणहरु निम्नानुसार छन्।

सि.न.	योजनाको नाम	लागत अनुमान रु.	कार्यसम्पन्न रु	प्रतिशत
१	सी.टि.ई भी. टि. देखि धुलिखेल हस्पीटल मोटरमार्ग	108935.55	66696.७०	61.23
२	फलठाँटी देउराली खण्ड बोचडाँडा मोटरमार्ग निर्माण योजना	216707.15	86908.35	40.10
३	दर्छाली डाडाँदेखि पुच्छार चौतारी खरबारी मो.स.यो.	219653.48	135196.34	61.55
४	झाकर्दी फालस्वारा खानेपानी निर्माण योजना	162182.04	43718.38	26.96
५	धारा पानि मिनिखोला मोटर मार्ग	325531.6975	270275.7792	83.03
६	सिफ्लुङ गुरुङगाउँ फुला लिफ्टिङ खानेपानी	648738.12	469116	72.31

	सैद्धान्तिक बेरुजु

२९ **नापी किताब, कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी**

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजानिक निकायले रनिङ्ग विल वा अन्य विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्रबिधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यलयले देहायका उपभोक्ता समितिको विल भुक्तानी गर्दा निम्न उपभोक्ता समितिलालाई लागत स्टिमेट, नापि किताब तथा कार्यसम्पन्न प्रतिवेदन तथा उपभोक्ता समितिको सम्झौता बेगर भुक्तानी गरेको रकमको उल्लेखित लगाएतका आवश्यक कागजात पेश गर्नुपर्ने रु

भौचर नं. र मिति	आयोजनाकोनाम	कामकोविवरण	कार्यपालिकोनिर्णय मिति	भूक्तानीभएको रकम
३९/०७९/८/२५	छिल्चेलिफ्टिङ आयोजना	खानेपानीलिफ्टिङ	०८/१३/२०७९	५००००
जम्मा				५००००

छिल्चे लिफ्टिङ आयोजनाका लाभग्राही अन्त्यन्तै विपन्न रहेको र निजहरुले खरिद गर्ने अवस्था नरहेकोले कार्यपालिकाको वैठकको निर्णय बमोजिम उक्त पम्प खरिद गर्नका लागि आर्थिक सहायता उपलव्ध गराउँने निर्णय भएकोले सोही वमोजिम भएको व्यहोरा कार्यालयले जनाएको छ ।

प्रमाण पेश नगरेको	५०,०००

३० **लागत अनुमान परिवर्तन**

गो. भौ. नं. ९६/०७९/१२/५ बाट चक्रदेवी मोटरमार्ग सतरवृद्धि उ. स. लाई रु ९१६९४०। भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

• बाटो सफा, ह्युमपाईप पक्की नाला बाटो ढलान गर्ने लागत अनुमान तयार गरी ११.६९% को लागत सहभागिता रहने गरी कार्यको सम्झौता गरेकोमा मिति २०७८/११/२८ मा गा. पा. अध्यक्षबाट लागत अनुमान परिवर्तन गर्न स्वीकृत भइ सम्पूर्ण बाटो ढलान मात्र गर्ने १०.५४% लागत सहभागिता रहने गरि लागत अनुमान स्वीकृत भएको पाइयो।

• यसरी पालिकाले सुरु लागत अनुमानमा उल्लेखित अधिकांश कार्यहरु नगरी बाटो ढलान मात्र गरी भुक्तानी गर्दा गरिएको कार्यको तोकिएको परिमाण र गुणस्तरमा भएको छ भनि एकीन हुन सकिएन, यस सम्बन्धमा यथार्थता एकिन गर्नुपर्छ।

• यसरी कानुनमा व्यवस्था नभएको उपभोक्ता समितिको लागत अनुमान परिवर्तन गरि कार्य गरेको नियमसंगत भएन।

• साथै मुल्याङ्कन रु भएको योजनामा सुरु लागत अनुमानमा तोकिएको बमोजिम जनश्रमदान हुनुपर्नेमा कम जनश्रमदान कट्टी भएको कम प्रतिशत १.१५% का दरले हुने सम्बन्धितबाट असुल उपर गरि दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१२,८०८

३१ **लागत सहभागिता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई बिल भरपाईको आधारमा जनश्रमदानको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिकाको डोजर प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गरेको छ। कार्यपालिकाले पालिकाको JCB प्रयोग गरेको कारण जनाई भुक्तानी नगरेतापनि JCB बाट मात्र कार्य भएकोले उक्त कार्यमा लागत अनुमानमा उल्लेख भएको अनुपातमा जनश्रमदानको अंश कट्टी नभएको पाईयो। जसका केही उदाहरणहरु निम्नानुसार छन्। उक्त लागत अनुमान बमोजिमको जनश्रमदानको अंश सम्बन्धितबाट असुल उपर गरि दाखिला गर्नुपर्ने रु

क्र. सं.	योजनाको नाम	लागत अनुमान	प्राविधिक मूल्याङ्कन	भुत्तानी हुने रकम	जनसहभागिता को प्रतिशत	लागत सहभागिता
१	वन्टार कृषि मार्ग	162817.65	160689.70	143500.00	10.64%	17097
२	जगौली रिङरोड निर्माण	108349.88	107295.66	96000.00	10.48%	1124५
३	जलदेवी मन्दिर जानबाटो निर्माण	108432.00	114154.80	97000.00	10.51%	1199८
४	दुम्कोट डुम्रीवेशी मोटरमार्ग सम्पन्न योजना	436712.72	428059.77	380312.23	11.25%	4815७
५	अर्चलकोट बेलडाडाँ मोटरमार्ग	108568.62	96313.77	86050.98	10.65%	10257
६	चापादि दोभान खोला मोटरमार्ग	217233.92	219226.83	194000.00	10.23%	2242७
७	जिताकोट नयाँटार मोटरमार्ग	108043.77	87538.60	78590.90	10.48%	9174
	जम्मा		**1213279.13**			**13035५**

असुल गर्नुपर्ने	१,३०,३५५

३२ खरिदको पुष्ट्याइ

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा

संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । सरकारी कारोवार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/c Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान रहेको छ । गौ भौ नं।मिति २४९। ०८०।२।८ बाट वडा नं २ का वडा सचिव काजीमान गुरुङ्गलाइ रु.१ लाख ५० हजार भुक्तानी गरेको मध्ये Zenex Automation pvt. Ltd. को बिल संलग्न राखि एक थान ल्यापटप रु.१२१०००। मा खरिद गरेको जनाएको छ । बिक्रेतालाइ उक्त खरिदको रकम भुक्तानी नगरी निजले कार्यालयबाट आफ्नै नाममा भुक्तानी लिएको देखिएकोले कारोवारको सत्यता सम्वन्धमा सम्वन्धित निकायबाट यथार्थता यकिन हुनुपर्ने रु

प्रमाण पेश नगरेको	१,२१,०००

३३ **बस्तु खरिदमा ओभरहेड भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम बस्तु वा मालसामान खरिदको लागत अनुमान तयार गरी तोकिएको खरिद बिधि अनुसार खरिद गर्नु पर्दछ। कार्यालयले देहायका बस्तुहरु खरिद गर्दा लागत अनुमानमा १५ प्रतिशत ओभरहेड समेत समावेश गरी स्वीकृत गरेर सोही बमोजिम खरिद गरी भुक्तानी दिएको छ । यसप्रकार बस्तु खरिदमा ओभरहेड थप गरी भुक्तानी दिन मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खरिदमा भुक्तानी भएको ओभरहेड वापतको रकम असुल हुनुपर्ने रु..... ९८५३५।

सि नं.	आपुर्तिकर्ता	बस्तु/सामान	भुक्तानी रकम	ओभरहेड रकम
१.	नेपाल सिन्टेक्स इण्ड्रष्ट्रिज प्रा. ली.	HDPEपाइप खरिद	८५३६४२	९८५३५

(क) बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले मेसिन मेड ग्याबियन बक्सको लागत अनुमान तयार गर्दा तनहुं जिल्लाको लागि तोकिएको जिल्ला दररेट प्रति स्क्वायर मिटर रु.३१५। ले लागत अनुमान स्वीकृत गर्नुपर्नेमा सोभन्दा बढी दररेट राखी लागत अनुमान स्वीकृत गरेर देहाय बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराइ भुक्तानी गरेको देखिएको हुदा बढी भुक्तानी भएको रकम रु.३४७६०। मा मु अ कर थप समेतले हुने रकम असुल हुनुपर्ने रु.... ३९२७९।

उपभोक्ता समिति	ग्याबियन बक्स साइज	संख्या	जिल्ला दररेट	भुक्तानी दर	बढी भुक्तानी
माता नवदुर्गा कन्स्ट्रक्सन	(२*१*१) (१०*१२)	८८	३४६५	३८६०	३४७६०

असुल गर्नुपर्ने	१,३७,८१४

३४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कृष्ण मोटरमार्ग कालोपत्रे गर्ने कार्यका निर्माण व्यवसायी कृष्चल सचेत सन्तोष जेभीलाइ गौ भौ नं ।मिति ६२।०७९।१०।२४ बाट तेश्रो तथा अन्तिम बिलको भुक्तानी रु.८४०७१५५। भएको छ । तर कार्यालयले तयार गरेको निजको तेश्रो तथा अन्तिम बिल अनुसार जम्मा भएको काम रु १७९८३३१७। मा पहिलेको बिल रु. १०५८४५१७। घटाउदा हुने रु.७३९८८००।मा मु अ कर समेत थप गरी हुने रु. ८३६०६४४। भुक्तानी हुनुपर्नेमा उक्त रकम भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	४६,५११

३५ **सैद्धान्तिक व्यहोराहरु**

३५.१ ठेक्काको लगतः सार्वजनिक निकायले ठेक्का बन्दोबस्त गरि निर्माण गरेको कार्यहरुको विवरण स्पष्ट देखिने गरी ठेक्का अभिलेख खाता महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा तयार सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । यस कार्यालयले यस वर्ष तथा गत विगत वर्ष ठेक्का व्यवस्थापन गरेका योजनहरुको स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको ढाँचामा ठेक्का अभिलेख राखेको पाईएन । जसबाट एक भन्दा बढी रनिङ बिल भुक्तानी तथा बहुवर्षीय योजनाको एकीकृत भुक्तानी अभिलेख प्राप्त हुन सकेन । तसर्थ तोकिएको ढाँचामा ठेक्का अभिलेख राख्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

लागत अनुमानः घिरिङ गाउँपालिका आ.ब.2078/79 को स्वीकृत गाउँपालिकाको दररेट अनुसार आयोजनाको लागत अनुमान डिजाइन, इष्टिमेट तयार गर्दा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाइं सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नूपर्ने व्यवस्था छ । तर कार्यालयले गरेका अधिकांश इष्टिमेट तथा नापीलाई हेर्दा लागत अनूमान सवै नेपाली भाषामा तयार गरेको पाईएन । यसबाट लागत अनुमान र नापी नेपाली भाषा मै गर्दा सवै व्यक्तिले वूझ्ने र पारदर्शीं हूने कूरामा दूई मत देखिदैन ।तसर्थ कार्यालयलाई भविष्यमा इष्टिमेट तथा नापी नेपाली भाषामा बनाउनुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएको छ ।

खरिद सम्वन्धी लेखा परीक्षणः आ.व को स्विकृत कार्यक्रम र बजेट पारित भएपछि वार्षिक खरिद योजना परिमार्जन गर्ने, नर्म्स वमोजिम लगत अनुमान तयार गर्ने साथै खरिद योजनामा खरिदको प्रकार सम्बन्धित विवरण, सम्भावित प्याकेज, समय तालिका, खरिद विधि सम्झैताको किसिम समाबेस गर्ने एकै पटक खरिद गर्न सकिनेमा एउटै कामलाइ टुक्रा टुक्रा गरी खरिद गर्ने कार्यलाइ निरूत्साहित गर्नु पर्ने विषयमा जोड दिनुपर्ने देखियो भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएको छ ।

सम्पती एवं जिन्सी व्यवस्थापनको लेखापरीक्षणः सामानहरूको विस्तृत विवरण किसिम, मोडेल मुल्य खरिद गरिएको स्थानलाई प्रस्टरूपमा राख्नु पर्ने, खर्च भएर जाने र नजाने जिन्सी खातामा राखी प्रत्येक आर्थिक वर्षमा खर्च भएर जाने

सामानका लागि यथार्थ र सहि तरिकाले अ.ल्या. गरी नयाँ जिन्सी खातामा राख्नुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएको छ ।

योजना सुची तयार नगरेकोः स्थानीय सरकार सञ्चालन एन 2074 को दफा 24(4) गाउँपालिकाको योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतीका योजनाहरूको सुची समेत तयार गर्नुपर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरू एक वर्षे रूपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय योजनाहरू आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनि कार्यान्यन भएको पाइन्छ । स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीति गत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना वनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालिन विकास योजना वनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालिन प्रकृतीका आयोजनाहरूको सुची समेत तयार गर्नुपर्ने देखिन्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएको छ ।

योजना तर्जुमा तथा कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, 2074को दफा 24(3) गाउँपालिकाको योजना बनाउँदा गरिबी निवारणमा प्रत्यक्ष योग्दान पुग्ने, उत्पादन मुलक तथा विकास र वातावरणीय सरक्षण, स्थानीय भाषिक, साँस्कृतिक विकास जस्ता विषयलाइ प्राथमिकता दिनुपर्दछ । सो कुरालाइ मध्यनजर गरि आयोजनाको प्राथमिकता गर्नुपर्ने देखिन्छ । कानुनमा भएको व्यवस्था परिपालना गरि दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्यनमा ल्याउनुपर्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याएको छ ।

जे.सि.बि सञ्चालनः यस पालिका अन्तर्गत जे.सि.वि सम्बन्धी कार्यविधि पारित गरि सञ्चालनमा रहेतापनि तर कार्यविधि वमोजिम कार्य सम्पादन नरहेको, पालिकाले निस्चित मापदण्ड पुरा नगरी सञ्चालन भएको जसमा इन्धन र कार्य गरेको विवरणमा एकरूपता नरहेको देखिएको हुदा जे.सि.वि सञ्चालक समिति गठन गरि समितिले कार्ययोजना बनाइ अगाडी बढाइ सञ्चालन गरेमा इन्धन र कार्य सम्पन्नमा एकरूपता आउने देखिन्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औल्याएकोछ ।

अनुगमन भत्ताः गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ र खर्चको मापदण्ड, २०७९ मा कार्यालयका कर्मचारीहरुलाइ मात्र अनुगमन भत्ता सम्बन्धी व्यवस्था गरेको देखिँदैन ।कार्यालयले देहायका कर्मचारीहरुलाई गो. भौ. नं./मिति २४/०८०/३/१९ पूंजीगत अनुदान शीर्षकबाट देहाय बमोजिम प्रति अनुगमन प्रति व्यक्ति रु १०००। का दरले हुन आउने ७ देखि २५ वटा सम्म अनुगमनको हुने रकम रु.१७५०००। भुक्तानी दिइ खर्च लेखेको छ ।पालिकामा उपाध्यक्षको संयोजकत्वमा पदाधिकारी र कर्मचारी समेतको ५ सदस्यिय एक अनुगमन समिति रहने हुदा प्रमुख प्रशासकिय अधिकृत सहित १२ जना कर्मचारीहरु मात्रले अनुगमन गरेको भनि आर्थिक वर्षको अन्त्यमा एकमुष्ठ अनुगमन भत्ता भुक्तानी दिइ खर्च लेखेबाट कार्यालयलाइ थप व्ययभार पारेको देखिन्छ । पूंजीगत अनुदान शीर्षकबाट यसप्रकारको उपभोग तथा चालु प्रकृतिको खर्च लेख्न समेत मिल्ने देखिंदैन । त्यसैगरी कहिले कुन योजना वा प्रयोजनको लागि को कसले अनुगमन गरेको हो सो सम्बन्धमा खुल्न नआउनुको साथै अनुगमनको लागि कार्यालयबाट खटाएको समेत देखिन आएन। यसप्रकार भुक्तानी दिई लेखेको खर्चलाई कानुनसम्मत भन्न मिल्ने नदेखिएको हुदा यसमा सुधार हुनुपर्दछ ।

प्र. प्र. अधिकृत बिष्णुप्रसाद पोखरेल	२५०००

ले.अ. अविनाश ढकाल	२००००
शि.अ. बाबुराम गैह्रे	२२०००
स.पाचौ रामु पराजुली	१००००
अ. छैटौं ध्रुवराज लामिछाने	१००००
ई. माधव प्रसाद घिमिरे	२००००
सव. ई. अमृत कुमार श्रेष्ठ	२००००
सव. ई. बिदुर मरहठ्ठा	२००००
सव. ई. अर्पण अर्याल	७०००
सव. ई. मदन गुरुङ्ग	७०००
अ.स. ई. अभिशेष नेपाल	७०००
अ.स. ई. रामशंकर मण्डल	७०००
जम्मा	१७५०००

अदुवा उत्पादन अनुदानः सरकारी कारोवार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/c Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान रहेको छ । कार्यालयले प्रति कृषक एक हजार के.जि. वा सोभन्दा बढी अदुवा उत्पादन गर्ने कृषकलाइ प्रति कृषक रु.५ हजारका दरले अनुदान उपलव्ध गराउने स्वीकृत कार्यक्रम अनुसार गौ भौ नं।मिति ४८०।०८०।३।२२ बाट रु.७ लाख २० हजार कृषि प्रसार अधिकृत रवि रामदासको नाममा नगद झिकी कृषकहरुलाइ रु.५ हजारका दरले नगदै अनुदान उपलव्ध गराएको छ । कृषकहरुको बैंक खातामा सोझै उक्त अनुदान रकम उपलव्ध नगराइ कर्मचारीको नाममा रकम झिकी नगद उपलव्ध गराएको कार्य उक्त कानुनसम्मत नहुनुको साथै कारोवारको सत्यता सम्वन्धमा समेत यथार्थता यकिन हुनपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३५.२ फरक नापजांचः सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजानिक निकायले रनिङ्ग विल वा अन्य विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्रबिधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले बिभिन्न निर्माण कार्यहरुको नापजांच र ठेक्का बिल तयार गर्दा कार्यालय र निर्माण व्यवसायीहरुले छुट्टाछुट्टै रुपमा तयार गरी कार्यालयमा पेश गर्ने गरेको पाइयो । यसरी तयार भएका एउटै कामका दुइ छुट्टाछुट्टै नापी किताव र ठेक्का बिलहरुमा अधिकांशमा काम गरेको परिमाण र मुल्याकंन रकम फरक फरक रहेको देखियो । कार्यालयले तयार गरेको नापीकिताव र ठेक्का बिलमा निर्माण व्यवसायीले र निर्माण व्यवसायीले तयार गरेको नापीकिताव र ठेक्का बिलमा कार्यालयले हस्ताक्षर गर्ने गरेको देखिन आएन । निर्माण व्यवसायी वा उपभोक्ताले गरेको कामको नापीकिताव र ठेक्का बिलमा कार्यालय प्रमुखले हस्ताक्षर गरी स्वीकृत गर्ने गरेको छैन । केवल सम्वन्धित प्राविधिकले मात्र हस्ताक्षर गर्ने गरेको छ । तर भुक्तानी गर्दा भने सम्वन्धित प्राविधिकले पेश गरेको नापीकिताव र ठेक्का बिलको आधारमा भुक्तानी गर्ने गरेको छ । यसबाट निर्माण कार्यहरुको नापजांच र ठेक्का बिल यथार्थ रुपमा तयार भइ भुक्तानी भएको छ भन्ने आधार देखिदैन।यसमा सम्वन्धितको ध्यानगइ सुधार हुनुपर्दछ ।यसका केही उदाहरण निम्न छन् ।

सि नं	योजनाको नाम	गौ भौ नं । मिति	ठेक्का बिल नं	निर्माण व्यवसायीको बिल	कार्यालयको बिल	भुक्तानी
१	करुवाटार सिंचाइ योजना	५।०८०।३।२१	प्रथम	४१७३८३९	२४९८४५९	२४९८४५९
२	छरछरे खानेपानी आयोजना	६।०८०।३।२४	अन्तिम	४७१२६४७	४५७६५३२	४५७६५३२
३	पशुपति मोटर मार्ग कालोपत्रे	३०।०८०।३।२१	प्रथम	२०८७२३२	१९६१५५८	१९६१५५८
४	महेन्द्रज्योति मा बि मा ४ कोठे भवन निर्माण	१६।०८०।३।५	प्रथम	४५३९९०७	४४७६२८८	४४७६२८८

५	भैरव मोटरमार्ग स्तरोन्नती कार्य	२२७।०८०।२।७	अन्तिम	२४०२९३२	२३७८४४०	२३७८४४०
६	गूरुङ्गगाउ फुला सिफुंग खानेपानीयोजना	२०३।०८०।१।२९	अन्तिम	१७२४३३४	१४६५८३७	१४६५८३७
७	घुमाउने ताल निर्माण कार्य	१०।०७९।६।१३	दोश्रो	६९६२६४९	५३११११७	४७४८५५६
	,, ,,	१३२।०७९।१२।२०	तेश्रो	६३५०६३८	६९८१२२२	५९३७८०५
८	कृष्ण मोटर मार्ग कालोपत्रे गर्ने	६२।०७९।१०।२४	अन्तिम	९४१२७३३	८४५१३७८	८४०७१५५
	,, ,,	४८।०७९।९।२०	दोश्रो	५०२१७७६	४६८९८७१	४६४६९९५
९	गाउपालिका हल निर्माण	९।०७९।६।१३	प्रथम	१३६८८८८	१२१०२८५	१२०००००
	,, ,,	४७।०७९।९।२०	दोश्रो	१४१३६८७	१३४३७४१	१३४३७४१

अधुरो कार्यः निर्माण व्यवसायीले सम्झौतामा तोकेको अवधि भित्र तोकिएको कार्य तोकिए बमोजिम सम्पन्न गर्नुपर्दछ।सम्पन्न गर्न नसकिने उचित कारण भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्यादथप गरेर र निर्माण व्यवसायीको हेलचेक्रयांइको कारण तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसके नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी नियम १२० बमोजिम म्यादथप गरेर निर्माण कार्य सम्पन्न गराउनुपर्ने प्रावधान रहेको छ। निम्न निर्माण कार्यका ठेक्काहरुमा निर्माण व्यवसायीहरुले पछिल्लो पटक तोकिएको अवधि सकिदा (कतिपयमा पटक पटक म्यादथप हुदा समेत) समेत सम्झौतामा तोकिए बमोजिमको निर्माण कार्य सम्पन्न गरेको देखिएन । यसप्रकार अधुरो अवस्थामा रहेको निर्माण ठेक्कामा नियम १२१ मा भएको प्रावधान बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नेगरी नियम १२० बमोजिम ठेक्काको म्यादथप गरेर यथाशिघ्र कार्य सम्पन्न गर्नु गराउनु पर्ने देखिन्छ।

सि.न	कामको विवरण	निर्माण व्यवसायी	सम्झौता रकम	कार्यगर्ने अन्तिम अवधि	योवर्षसम्मको कार्य र भुक्तानी	योवर्षको काम र भुक्तानी

१.	राष्ट्रिय मा वि मा २ कोठे स्टोर र ४ कोठे भवन निर्माण	सन्तोष निर्माण सेवा	६६२५३७५	२०८०।२।३२	३४९५१८१	३४९५१८१
२	काठेकोट अत्रौली मोटर मार्ग निर्माण	गोजी इन्फ्राटेक प्रा ली	८५७२५५८	२०८०।३।१०	८५८७३८	८५८७३८
श्रो ३	मदन मोटर मार्ग निर्माण कार्य	प्रविन कन्स्ट्रक्सन	१३२३३०७०	२०८०।२।३२	०	०
५	घुमाउने ताल निर्माण कार्य	साउथ एसियन-निर जे भी.	१२७०४१२९	२०७९।६।३०	११६९८४७६	१०६८६३६१
६	कृष्ण मोटर मार्ग कालोपत्रे गर्ने	Brothers Contracting And Construction	13727781	२०७९।९।३०	11450809	5459612
७	ग्याछाप पुट्टार मोटरबाटो पिच गर्ने कार्य	क्याम्प कन्स्ट्रक्सन प्रा लि	१४०२०५८०	२०८०।६।२८	०	०

सैद्धान्तिक बेरुजु

३६ **प्रमाण कागजात**

.... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु. ४,८०४,५६२ सम्परीक्षण गरिएको ।)*

प्रमाण पेश नगरेको	०

३७ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा न्युन प्रतिस्पर्धा गराई सोझै खरिद गरी रु. ५२३०४१९। खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा छुट्टा छुट्टै सम्झौता गरी खरिद गरिएको रकमलाइ कानुनसम्मत भएको भन्न मिल्ने नदेखिदा अनियमित भएको रु... ५२३०४१९।

अध्यायन/परामर्श सम्बन्धी कामको विवरण	लागत अनुमान	प्रस्ताव संख्या	प्रथम घटी प्रतिशत	परामर्शदाता	सम्झौता अंक	भुक्तानी
बिभिन्नसडकको DPR	1882634	४	६.५६	Royal Axix Engineering Pvt.ltd	1759184	1759184
बनटारसिंचाई आयोजना	497200	४	३.४	श्री सिनर्जी इन्जिनियरिंग एण्ड कन्सलट्यानस प्रा.लि. काठमाण्डौ	480250	480250
साघुरीघाट पार्क	495844	३	२.००५	युज्भी इन्जिनियरिङ सोलुसन प्रा. लि. कोटेश्वर-३२, काठमाडौँ	485900	485900
बिभिन्नबाटाहरुको DPR	355435.9	३	८.५९	श्रीइन्फ्राडेभलपकन्सल्ट प्रा. लि.,घोराही-१५, दाङ	324875	324875
जग्गाबर्गिकरण	1495240.5	३	०.८१	Cube Info Company Pvt. Ltd. , Kathmandu, Nepal	1483000	1483000
तिरिन्दीखोला पुल DPR	300580	३	०.७५	*Spiral Engineering & Educational Consultancy Pvt.Ltd, New Road, Pokhara*	298320	298320
पालिका प्रोफाइल अपडेट गर्ने कार्य	-	-	-	फोरजी इन्जिनियरिङ्ग सोलुसन्स प्रा. ली.	-	३९८८९०

जम्मा	**5026933.85**				**4831529**	५२३०४१९

तोकिएको नर्म्स र दररेटमा काम गरिएको र उक्त कार्यहरु गर्नका लागि कार्यालयमा दक्ष जनशक्ती नभएकोले परामर्स सेवावाट कार्य गर्नुपर्ने वाद्यता रहेको व्यहोरा कार्यालयले जनाएको छ।
उक्त कारोवारको परीक्षणबाट देखिएका थप व्यहोरा देहाय अनसार छन् ।
(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ उपदफा (१) खण्ड (क) मा सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा लिन सकिने प्रावधान रहेको छ ।उक्त योजनाको डिपिआर तयारी गर्ने कार्य कार्यालयमा उपलव्ध जनशक्तिबाट गराउनु पर्नेमा उपरोक्त बमोजिम सोझै दररेट लिएर न्युन प्रतिस्पर्धाबाट गराएको छ । कार्यालयको जनशक्तिबाट हुन नसक्ने सम्वन्धमा केही उल्लेख भए गरेको देखिएन । यसबाट कार्यालयलाइ थप व्ययभार पर्न गएको छैन भन्ने आधार देखिदैन ।
(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार रु २० लाख सम्मको परामर्शदाता छनौट गर्दा नियमानुसार सुचिक्रित परामर्शदाताहरु मध्येबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी बढी अंक प्राप्त गर्ने परामर्शदातासंग प्रतिस्पर्धाको माध्यमबाट सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ । कार्यालयले परामर्शदातासंग प्रस्ताव माग गरी लागत अनुमान अंक वा अत्यन्त न्युन घटी अंकमै सम्झौता गरी भुक्तानी गरेको छ । यसरी प्रतिस्पर्धा बेगर परामर्शदाता नियुक्त गरेबाट कानुनको उल्लघंन हुन जानुको साथै कार्यालयलाइ थप व्ययभार परेको छैन भन्ने अवस्था देखिन आएन ।
(ग) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ र २६ अनुसार प्रस्ताव पेश गर्दा आपसमा मिलेमतो गर्न नहुने र गरेको पुष्टी भए रद्द हुने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि डिपिआर प्रतिवेदन तयार गर्न परामर्शदाता छनौट गर्दा ३ वटासंग प्रस्ताव माग गरी छनौट गरेर कार्य गराएको भएता पनि न्युन प्रतिस्पर्धा गराइ लागत अनुमान दरमा सम्झौता गरी कार्य गराएको छ ।
(घ) यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै भवन तथा स्थानीय पूर्वाधार विकासको नर्म्सको आधार लिएर स्वीकृत बजेट बमोजिम कै रकम खर्च गरेको देखियो । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वियन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयन भई खर्चको सार्थकता पुष्टि हुनुपर्दछ ।
(ङ) सफ्टवेर खरिद परामर्शः गो. भौ. नं. १६ मा सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च अन्तर्गत गाउँपालकामा गरिने हरेक विकास निर्माणको कार्यमा उपभोक्तासंग गरिने योजना सम्झौतालाइ सहज गराउन वेबमा आधारित योजना प्रणालीलाइ सञ्चालन गर्न सफ्टवेर खरिद र परामर्श वापत सफ्टवेर हव नेपाल प्रा.लि वाट रू. ४३७७१३। खरिद गरेको साथै गाउँपालिकामा तथा वडा कार्यालयवाट प्रदान गरिने हरेक सिफारिसमा सहज गराउन सिफारिस पत्रहरू एकै प्रकृतीको साथै एकरूपता कायम गर्न वेबमा आधारित दर्ता चलानी तथा सिफारिस सफ्टवेर खरिद र परामर्श वापत सफ्टवेरवाट क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा.लि रू.471344 खरिद गरि भुक्तानी भएको छ । तर योजना सम्झौतालाइ सहज गराउन वेबमा आधारित योजना प्रणाली सफ्टवेर अघि पनि खरिद गरेको सञ्चालनमा नरहेको, हाल खरिद गरेका सफ्टवेरहरू पनि सञ्चालनमा नरहेको हुदा रू. 9,55,000 (VAT र TDS सहित) खर्च भएको रकम अनियमित देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औल्याएको देखिदा कार्यालयलाइ थप व्ययभार पर्न गएको देखिएकोले जिम्मेवार व्यक्तिलाइ कानुन बमोजिम जवाफदेही तुल्याइ सम्वन्धित निकायबाट यथार्थता यकिन गरिनु पर्ने रू. 955000।
(च) परामर्श सेवाको लागत अनुमानः सार्वजनिक खरिद नियमावली, 2064 को नियम 12 मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, सोही प्रकृतीको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाइ आधार मानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले माथि उल्लेखित आधार बेगर फर्मसग दररेट माग गरि लागत अनुमान तयार गरेको कारण यस्तो कार्यलाइ निरूत्साहित गर्नुपर्ने देखिएको साथै ऐन बमोजिम कार्य गर्नुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औल्याएको छ ।
(छ) डिपीआर कार्यान्वियनः गाउँपालिकाको कार्यलयले यस वर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक सकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखि बजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखेकोमा कुन कार्यक्रम हो

नखुलाइ एकमुष्ठ रूपमा सेवा तथा परामर्श शिर्षकमा बजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रूपमा नै बजेट पारित नगरी एकमुष्ठ परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट समेत औंल्याएको छ।

अनियमित भएको	६१,५५,४१९

३८ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिदलाइ टुक्रा गर्न नहुने उल्लेख छ। नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम कार्यालयले खरिदको गुरुयोजना र वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो बमोजिम गरेको देखिन आएन। पालिकाले गरेको कतिपय खरिदको कार्य गर्दा खरिदलाइ टुक्राएर बोलपत्रबाट, शिल्डबन्दी दरभाउपत्रबाट, ३ वटासंग खुला दररेट माग गरेर र सोझै खरिद गरिएको समेत पाइयो। यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन। उदाहरणको लागि एउटै स्थान र एउटै प्रकृतिका निर्माण कार्य गर्दा पालिका हल निर्माणको कार्य, पालिका कम्पाउण्डवाल निर्माण कार्य, पालिका गेट निर्माण कार्य र पालिकाका बिभिन्न स्थानमा यात्रु बिश्रामस्थल निर्माणको कार्य गर्दा एउटै प्याकेज बनाइ बोलपत्रको बिधिबाट खरिद कार्य नगरी सभाहल निर्माणको कार्य बोलपत्रबाट र अन्य ३ वटा निर्माण कार्यहरु सोझै ३ वटा दरभाउपत्र र २ वटाको सोझै बिधिबाट खरिदको कार्य गरिएको छ। जसले गर्दा बोलपत्रको तुलनामा सोझै र दरभाउपत्रको बिधिबाट गराएको कार्यमा क्रमशः ९.५९%, ९.३६%, ९.४३%, ९.८९% र ९.८९% ले हुने रु.२५४४९७।कार्यालयलाइ थप दायित्व श्रृजना गरिएको छ। त्यसैगरी एउटै स्थानमा र एउटै खानेपानी योजनाको निर्माण कार्य गर्दा पुट्टारधाप खानेपानी योजना निर्माणको कार्य गराउदा एक बोलपत्रबाट र एक सोझै ३ वटा दरभाउपत्र लिएर कार्य गराइएकोमा थप एक सोझै ३ वटा दरभाउपत्रको बिधिबाट पाइप खरिदको कार्य गरिएको छ। जसले गर्दा बोलपत्रको तुलनामा सोझै दरभाउपत्रको बिधिबाट गराएको कार्यमा क्रमशः २२.७६%, र २०.८१% ले हुने रु. २४७४४९।कार्यालयलाइ थप दायित्व श्रृजना गरिएको छ। कार्यालयले खरिद योजना बनाई सोही बमोजिम खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु नगरी पटक पटक टुक्रा गरी गर्ने गरेबाट कार्यालयलाइ रु. ५०१९४६। थप दायित्व पर्न गएको रु

योजनाको नाम र स्थान	लागत अनुमान रु.	प्राप्त प्रस्ताब संख्या	प्रथम घटी प्रतिशत	निर्माण ब्यबसायी/आपूर्तिकर्ता	सम्झौता रकम	हाल सम्मको काम र भुक्तानी	यो बर्षको भुक्तानी
पालिका हल निर्माण	3222758	1	9.89	Bijendra construction and suppliers	2904180	2554026	1343741
Construction Of Ghiring Rural Municipality	950024	1	0.30	Ghiring Nirman Sewa	947162	809936	809936

Compound (Ghiring-3)							
Construction Of Ghiring Rural Municipality Bishram (Ghiring)	704992	1	0.46	Forever Builders Pvt.Ltd.	701731	689619	689619
Construction Of Ghiring Rural Municipality Gate (Ghiring-3)	407737	3	0.53	Sampada Builders And Pvt.Ltd.	405566	404228	404228
कार्यालय परिषरमा पार्किङ्ग निर्माण	९७९९९	१	०	Ghiring Nirman Sewa	९७९९९	९७९९९	९७९९९
कार्यालय परिषरमा पार्किङ्ग निर्माण	४९५९९९	१	०	Ghiring Nirman Sewa	४९५९९९	४९५९९९	४९५९९९
जम्मा	**५८७९५१०**				**५५५२६३७**	**५०५१८०८**	**३८४१५२३**
Puttar Dhap Khanepani Yojana (Ghiring-1)	13621930	6	25.85	Sapkota Nirman Sewa	10099445	9816283	9816283
Puttar Dhab Khanepani Taar Kharid Yojana (Ghiring-1)	265328	3	3.09	System And Energy Pvt.Ltd.	257120	257120	257120

Puttar Dhap Khanepani HDPE Pipe Kharid Yojana (Ghiring-1)	898902	3	5.04	Nepal Syntex Industries Pvt.Ltd.	853642	853642	853642
जम्मा	**14786161**				**11210207**	**10927045**	**10927045**

अनियमित भएको	५,०१,९४६

३९ नियमित गर्नुपर्ने व्यहोराहरु

. विद्यालयमा शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका सदस्यहरुको उपभोक्ता समिति गठनः गण्डकी प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(च) र गण्डकी प्रदेश बजेट कार्यान्वयन कार्यबिधि, २०७७ को परिच्छेद ५ दफा २७ मा उपभोक्ता समितिका सदस्यको योग्यता अन्तरगत सार्वजनिक पद धारण गरेको पदाधिकारी, सरकारी कर्मचारी वा शिक्षक वा निर्माण व्यवसायी नरहेको व्यक्ति मात्र उपभोक्ता समितिको सदस्यमा बस्न पाईने व्यवस्था रहेको छ। साथै उक्त कार्यविधिको बुँदा नं. १० मा उपभोक्ता समितिलाई भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत दिनुपर्ने छ भन्ने उल्लेख छ। पालिकाले विद्यालयमा गरिने निर्माण तथा खरिद कार्य लगायतका कार्यहरु गर्दा र गराउदा बिद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा बिद्यालयका शिक्षक तथा कर्मचारीहरु र व्यवस्थापन समितिका सदस्यहरु रहेको उपभोक्ता समिति गठन गरी उक्त समितिको सचिवको जिम्मेवारी बिद्यालयको प्र. अ. लाइ तोकी उपभोक्ता समितिको गठन गर्ने गरेको छ । यसप्रकार गठन गरेको उपभोक्ता समिति मार्फत निम्नानुसारको निर्माण कार्यहरु गराइ उक्त कार्यको भुक्तानी उपभोक्ता समितिलाइ नगरी बिद्यालय मार्फत गरेको देखियो। यसरी कानुन बिपरित सरकारी बिद्यालयका प्र. अ., शिक्षक तथा व्यवस्थापन समितिका सदस्यहरु रहेको उपभोक्ता समिति गठन गरी कार्य गराएबाट यसप्रकार उपभोक्ता समितिमा बस्ने सरकारी शिक्षक तथा कर्मचारीहरुको सम्वन्धमा आवश्यक छानविन गरी कानुनको दयरामा ल्याउनु पर्ने देखिन्छ । सरकारी बिद्यालयमा गरिने सबै प्रकारको निर्माण तथा खरिद कार्यहरु गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम तोकिएको बिधि र प्रकृया अनुसार खरिदका कार्यहरु गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी कानुन बिपरितको उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको नाममा अमानतबाट कार्य गराउनु तथा यस प्रकार गरेको कार्यको भुक्तानी स्वयं बिद्यालयको खातामा कार्यालयले निकासा दिने गरेको कार्यलाइ कानुन बमोजिम भएको भन्न मिल्ने नदेखिएको रु... ३८८३५००।

जसका केहि उदाहरणहरु देहायबमोजिम छन्।

क्र. सं.	भौचर नं. र मिति	आयोजनाकोनामर उपभोक्ता समिति	भुक्तानीलिने	कुलरकम
१	९२/०७९/११/३०	कालिकाप्रा. वि. मर्मतउ.स.	श्रीकालिका देवी आ. वि.	१०००००

२	१२८/०७९/१२/२०	बालज्योति आ. वि. व्यवस्थापनउ.स.	बालज्योति आ. वि.	९९०००
३	१३८/०७९/१२/२१	सरस्वति आ. वि. भित्र अत्रौलीकुलो ढकन स्ल्यावउ.स.	सरस्वति आ. वि.	९८०००
४	145/079/12/26	मोति आ. वि. उ.स.	श्री मोतिआ. वि.	१९८०००
५	२४५/०८०/२/८	श्री कामधेनु मा. वि. कम्पाउण्डवाल निर्माण उ.स.	श्रीकामधेनु मा. वि.	२८३५००
६	२४७/०८०/२/८	बुद्धि प्रा. वि. कम्पाउण्डवाल निर्माण उ.स.	श्री वुद्धप्रा. वि.	९७०००
७	२५१/०८०/२/१०	श्री कृष्णगंगा आ. वि. घेरावार कम्पाउण्डउ.स.	श्रीकृष्णगंगा आ. वि.	४८०००
८	२५२/०८०/२/१०	श्री कृष्णगंगा आ. वि. खानेपानी विस्तारउ.स.	श्रीकृष्णगंगा आ. वि.	४८५००
९	४०६/०८०/३/१५	श्री बिष्णु आ. मा. वि. घेरवार कम्पाउण्ड उ.स.	श्री बिष्णु आ. मा. वि.	९२०००
१०	४४५/०८०/३/२०	श्री चन्द्रज्योति मा. बि. शौचालय निर्माण उ.स.	श्री चन्द्रज्योति मा. बि.	१९२०००
११	३५०/०८०/३/११	श्री कालिका आ. बि. शौचालय निर्माण उ.स.	श्री कालिका आ. बि.	१४५०००
१२	३६५/०८०/३/७	श्री लक्ष्मी आ.वि. वायरिङ्ग र गेट निर्माण उ.स.	श्री लक्ष्मी आ.वि.	९४५००
१३	३६३/०८०/३/७	श्री महेन्द्रज्योति मा. वि. क्याण्टिन निर्माण उ.स.	श्री महेन्द्रज्योति मा. वि.	३८६०००
१४	३५५/०८०/३/६	छाव्दीबाराही मन्दिर निर्माण उ.स.	श्री जलबाराही आ.बि.	९६०००
१५	३५४/०८०/३/६	छाव्दीबाराही मन्दिर निर्माण उ.स.	श्री जलबाराही आ.बि.	१४४५००

१६	३३४/०८०/३/६	श्री कामधेनु मा.बि. भवन निर्माण उ.स.	श्री कामधेनु मा.बि.	३८६०००
१७	४८२/०८०/३/२२	श्री कृष्ण मा. वि. भवन निर्माण उ.स.	श्री कृष्ण मा. वि.	४८२०००
१८	४७३/०८०/३/२१	श्री राष्ट्रिय मा. वि. ;सिंढी ढलान, गेट र क्यान्टिन निर्माण उ.स.	श्री राष्ट्रिय मा. वि.	१५००००
१९	४४९/०८०/३/२०	श्री सरस्वती आ.वि. बिद्युत, बरिङ्ग संचालन उ.स.	श्री सरस्वती आ.वि.	४८५००
२०	३८५/०८०/३/१३	श्री पशुपती प्रा. वि. घेरावार कम्पाउण्डउ.स.	श्री पशुपती प्रा. वि.	१७१०००
२१	३८७/०८०/३/१३	श्री चण्डी प्रा. वि. कम्पाउण्डवाल, झ्यालढोका निर्माणउ.स.	श्री चण्डी प्रा. वि.	१४१५००
२२	२७०/०८०/२/१८	श्री श्रीजना आ. वि. मर्मत उ.स.	श्री श्रीजना आ. वि.	९६५००
२३	३१५/०८०/२/३२	श्री सरस्वती मा. वि. कम्पाउण्डवाल मर्मत उ.स.	श्री सरस्वती मा. वि.	२८६०००
		जम्मा		३८८३५००

उपभोक्ता समितिको भुक्तानी व्यक्तिको नाममाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र गण्डकी प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. १० मा उपभोक्ता समितिलाई भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत दिनुपर्ने छ भन्ने उल्लेख छ। पालिकाले देहाय बमोजिम उपभोक्ता समिति मार्फत गराएको कार्यको भुक्तानी सम्वन्धित उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फत नगरी देहाय अनुसार व्यक्तिको नाममा दिएको पाईयो । यसरी व्यक्तिको नाममा भुक्तानी दिँदा उक्त रकमको दुरुपयोग हुन सक्ने भएकाले पालिकाले आगामी दिनमा उपभोक्ता समितिको कुनैपनि भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैंक खाता मार्फतनै भुक्तानी दिनेतर्फ विशेष ध्यान दिनुपर्छ। जसका केही उदाहरण देहाय अनुसार छन्। यसप्रकार गरेको भुक्तानीलाइ कानुनसम्मत भएको भन्न मिल्ने नदेखिएको रु.... १४१९५६४।

क्र. सं.	भौचरनं. र मिति	आयोजनाकोनाम	भुक्तानीलिने	कुलरकम
१	७०/०७९/११/१८	माथिल्लोविरौटो कुलो मर्मत उ. स.	धनन्जयपोखेल	४८५००

२	७१/०७०/११/१८	१नं. वडाकार्यालय अगाडी चौतारी मर्मत तथा ग्राउण्ड सम्याउनेउ. स.	रामजीअर्याल	४८५००
३	७२/०७०/११/२१	तल्लोबिरौटो कुलो मर्मत उ. स.	रोमनाथपोख्रेल	४८५००
४	७४/०७९/११/२१	चर्च भवनसा. गरककोट ४ पुट्टार	ताराबहादुर दमै	४८५००
५	७६/०७९/११/२१	रातमाटीकुलो मर्मत	भोजराजगैह्रे	४८५००
६	७७/०७९/११/२१	ठुलोवारीकुलो मर्मत	ज्ञानुमायागैह्रे	४८५००
७	८६/०७९/११/२८	अत्रौलीकुलो मर्मत उ. स.	हुमनाथपोख्रेल	४८५००
८	१०२/०७९/१२/१२	मास्कीमोटरमार्ग ग्राबेल	दाम बहादुरथापा	४८५००
९	१०३/०७९/१२/१२	वायाटारीदितवस्तीको चौतारी संरक्षण	सरितासुनार	४८५००
१०	१३६/०७९/१२/२१	फुलवारीमोटरबाटो निर्माण उ. स.पुट्टार	होमनाथसिग्देल	४८५००
११	150/079/12/26	विरुवाकुलो मर्मत उ. स. साविक ६ अत्रौली	दामोदरपोख्रेल	४८०००
१२	165/०८०/१/३	चामडाँडाखानेपानी टंकी निर्माण उ. स.	सविता थापा	४८५००
१३	१६७/०८०/१/३	टोकल्दि खापा पाइप लाइन बिस्तार उ. स.	दुलु मायाकुमाल	४८५००
१४	183/080/1/25	गोफा खोलाकल्भर्ट निर्माण उ. स.	मन बहादुरराना	४८०००
१५	२१२/०८०/३/३१	गुरुङ गाउँपँधेरो घेरावार निर्माण उ. स.	याम मायागुरुङ	४८०००
१६	२६९/०८०/२/१८	पाउधुरी खानेपानी टंकी निर्माण उ. स.	पुर्णबहादुर रुपाल	४८०००
१७	२३३/०८०/२/७	गजरकोटदलित वस्ति मोटर मार्ग स्तर वृद्धि उ. स.	कमलश्रेष्ठ	४६२००

१८	३७३/०८०/३/११	कुमालगाउ मोटरमार्ग साविक गजरकोट उ. स.	सम्झना कुमाल	४८५००
१९	३४९/०८०/३/६	जक्याहा खा.पा.यो. उ. स. घिरिङ्ग १	बिष्णु प्रसाद घिमिरे	४७०००
२०	३४६/०८०/३/६	देउराली डांडा पधेरो मर्मत उ. स. घिरिङ्ग १	डम्वर सिंह राना	३६५००
२१	३३८/०८०/३/६	कमलादेवी आमासमुह भवन निर्माण उ. स.	मन्जुकुमारी खड्का	४६०००
२२	३५८/०८०/३/७	लमादि बहघाट सिंढी निर्माण उ. स.	बिष्णुमाया घिमिरे	४४५००
२३	३५७/०८०/३/७	भुत्याहाखोला कल्भर्ट निर्माण उ. स	राधिका बास्तोला	४०५००
२४	४८९/०८०/३/२४	वडा नं २ कृयापुत्री ट्रस निर्माण उ. स	मनसरा थापा	४९५००
२५	२७६/०८०/२/२१	वन्टार, जगौली, खुम्लिङ्ग एकिकृत खेलमैदान निर्माण उ. स.	ढकबहादुर कुमाल	४६०००
२६	२२६/०८०/२/५	कृष्णमार्ग प्रतिक्षालय निर्माण उ. स.	कमल श्रेष्ठ	४५५००
२७	२४२/०८०/२/८	देउरालीडांडा घिरिङ्ग १ कल्भर्ट निर्माण उ. स.	चन्द्रकुमार दमाइ	२६५००
२८	१८७/०८०/१/२६	माथिल्लो छानुङ्ग बांसघारी टंकी पुरागर्ने निर्माण उ. स.	डिले रुचाल	४३५००
२९	१९२/०८०/१/२७	शिखरडांडा बांधकुलो मर्मत उ. स.	हिरामाया भुजेल	४८०००
३०	१४४/०७९/१२/२६	जोगीडांडा भण्डार मोटरबाटो कल्भर्ट निर्माण उ. स.	रामकुमार श्रेष्ठ	२८१००
३१	४१८/०८०/३/१८	बाह्रबिसे मोटरमार्ग निर्माण उ. स.	पृथ्वीकुमार श्रेष्ठ	४९२६४

		जम्मा		१४१९५६४

सरकारी निकायको खरिद उपभोक्ता समितिबाटः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख रहेको छ । कार्यालयले देहाय बमोजिम सरकारी निकायमा गरिने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो । यसप्रकार उपभोक्ता समिति मार्फत गराएका कार्यहरु मध्ये कतिपय कार्यहरु उपभोक्ता समितिले समेत तेश्रोपक्ष वा निर्माण व्यवसायी मार्फत समेत गराएको देखिन आयो । यसका केही उदाहरण निम्नानुसार रहेका छन् । यसप्रकारका कार्यहरु कार्यालय आफैले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिए बमोजिम गर्नु गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत गरेकोले नियमसम्मत भएको भन्न मिल्ने नदेखिएको रु..... १६३७५८४।

क्र. सं.	भौचरनं. र मिति	आयोजनाकोनाम	भुक्तानीलिने	कुलरकम	कैफियत
१	४१४/०८०/३/१०	पालिका स्तरिय अस्पताल निर्माण जग्गा सम्म्याउने कार्य	उपभोक्ता समिति	९७००००	उ.स. ले घिरिङ्ग निर्माण सेवा मार्फत कार्य गराएको
२	३५९/०८०/३/७	वडा नं १ संग्रहालय भवन निर्माण	,,	१९१०००	
३	४६५/०८०/३/२१	गड्याउलीटार स्वास्थ्य इकाइ व्यवस्थापन कार्य	,,	८८०००	
४	२९९/०८०/२/२९	साभुङ्ग हेल्थपोष्ट भवन मर्मत	,,	७३०००	
५	१२६/०७९/१२/२०	गाउपालिका क्यान्टिन निर्माण कार्य	,,	२१९०८४	
६	४१४/०८०/३/१०	वडा नं३ स्वास्थ्य चौकी भवन मर्मत	,,	९६५००	
		जम्मा		१६३७५८४	

समानीकरणबाट बिद्यालयलाइ अनुदान - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरवन्दीभित्र नपरेका एवं विद्यालयले गत विगत देखि नै आन्तरिक स्रोतबाट तलव भत्ता व्यहोरेका ३७ बिद्यालयका ६३ जना शिक्षक तथा कर्मचारीलाई वित्तीय समानीकरण

शिर्षकबाट रु. ८८३८५४०। अनुदान निकासा खर्च लेखेको छ । यसप्रकार कानुन बिपरित समानिकरण अनुदानबाट बिद्यालयमाकार्यालयले गाउँपालिका आन्तरिक तथा अन्य सहायता प्राप्त गर्ने व्याक्तिको लागि कानून तर्जुमा गर्नुपर्ने तथा सोको रकम गा।पा को प्रकोप व्यवस्थापन कोष शिर्षकवाट मात्र खर्च गर्नुपर्ने देखिएको साथै उपचार खर्च उपलब्ध गराइएको व्यक्तिहरूको लगत अभिलेख राख्नुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औल्याएकोले सुधार हुनु पर्दछ । करारका शिक्षक तथा कर्मचारी राखी तलव भत्ता निकासा गरी खर्च लेखेको कार्यलाइ कानुनसम्मत भन्न मिल्ने देखिदैन ।

(क) त्यसैगरी पालिकाले गाउपालिका पूंजिगत खर्च शिर्षकको गौ भौ नं. ३६८ मिति २०८०।३।८ बाट रु. ९२८२३५। र गाउपालिका चालु खर्च शिर्षकको गौ भौ नं. ४८३ मिति २०८०।३।८ बाट रु. १३९२५६८। समेत जम्मा रु. २३२०८०३। शिक्षकहरुलाइ थप सुबिधा भनि बिद्यालयहरुमा निकासा दिइ खर्च लेखेको छ । पालिकाको आन्तरिक आम्दानीको अवस्था अत्यन्त न्युन रहेको अवस्थमा संघिय समानिकरण अनुदानमा आधारित रही पूंजिगत खर्च शिर्षक र चालु खर्च शिर्षकबाट शिक्षकहरुको थप सुबिधा भनि थप रकम भुक्तानी दिन मिल्ने कानुनी आधार नदेखिएकोले यसरी थप सुबिधा दिने भनि निर्णय गर्ने पदाधिकारी तथा व्यक्तिलाइ कानुन बमोजिम जिम्मेवार तुल्याइ यस प्रकार खर्च लेखेको रकम कानुनसम्मत नदेखिएको रु... २३२०८०३।

अनियमित भएको	९२,६१,४५१

४० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष रु. ९३३५५६।को औषधी एक बोलपत्रको माध्यमबाट र रु. १८८८६४३। मुल्यको औषधी बिभिन्न ३ बिक्रेताबाट सोझै वा दरभाउपत्रको माध्यमबाट खरिद गरेको बिबरण प्राप्त भएको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

(क) औषधी खरिद टुक्राएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्य तर्फ औषधी तथा उपकरण र सर्जिकल औजार खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम एक वटा बोलपत्रको माध्यमबाट र ३ वटा खरिदलाइ सोझै तथा खुल्ला दरभाउपत्र लिएर खरिद गरेको देखियो । यसप्रकार खरिद गरेको मध्ये बोलपत्रबाट भएको खरिदमा पर्याप्त र स्वस्थ्य प्रतिस्पर्धा भइ स्वीकृत लागत अनुमान भन्दा ६५ प्रतिशत घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरिएको छ भने बाकी ३ वटा सोझै दरभाउपत्र लिएर खरिद गरेका खरिदहरुमा स्वीकृत लागत अनुमान भन्दा शुन्य र न्युन प्रतिशत घटी दरमा खरिद गरेको देखियो । यसप्रकार टुक्रा गरेर खरिद कार्य गर्दा सोझै र दरभाउपत्रबाट गरिएको खरिदमा बोलपत्रको तुलनामा सोझै गरिएको खरिद रु. २९८५००। को ६५ प्रतिशतले हुने रकम रु. १९४०२५। र दरभाउपत्रबाट गरिएको खरिदमा क्रमशः रु. १०१५४०१। को ६१.५१ प्रतिशतले हुने रु. ६२४५७३। र रु. ६१६४८३। को ६३.९९ प्रतिशतले हुने रु.३९४४८७। समेत जम्मा रु.१२१३०८५।बढी लागत पर्न गएको रु

खरिदको बिबरण	लागत अनुमान	खरिद बिधि	प्राप्त प्रस्ताब	प्रथम घटि प्रतिशत	आपुर्ति कर्ता	संझौता रकम	भुक्तानी रकम
औषधी तथा औषधीजन्य सामाग्री खरिद	२८७४७८८	बोलपत्र	३	६५	Helping Multipurpose pvt.ltd	९३३५५६	९३३५५६
औषधी तथा औषधीजन्य सामाग्री खरिद	१०१५४०१	सोझैदरभाउपत्र	३	३.४९	Balaji surgical Medicine suppliers	९७९९२५	९७९९२५

औषधीतथा औषधीजन्य सामाग्री खरिद	तयार नगरेको	सोझै			Gorakhnath herbaceuticals pvt.ltd	२९८५००	२९८५००
औषधीतथा औषधीजन्य सामाग्री खरिद	६१६४८३	सोझैदरभाउपत्र	३	१.०१	Machchapuchre medicine supplies	६१०२१८	६१०२१८
जम्मा							२८२२१९९

(ख) औषधीको सदुपयोग- आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो ।यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।यसको बिबरण संलग्न अनुसुचीमा उल्लेख रहेको छ ।

अनुसुची

म्याद समाप्त भएका औषधीहरुको बिवरण

(ग) त्यसैगरी यसप्रकार खरिद गरेर वा अन्य निकायबाट बिगत र योवर्ष प्राप्त हुन आएका औषधी तथा सर्जिकल सामानहरु मध्ये बिभिन्न आइटमका धेरै परिमाण र मुल्यका औषधी तथा सर्जिकल सामानहरु आर्थिक वर्षको अन्त्यसम्ममा पनि मातहतका स्वास्थ्य चौकी तथा संस्थाहरुमा नपठाइ पालिकाको जिन्सी खातामा मौज्दात राखि राखेको व्यहोरा जानाकारी प्राप्त भयो । यसप्रकार समयमै मातहतका सम्वन्धित निकायमा नपठाइ पालिकामै थन्काएर राखि राखेबाट थप औषधी तथा सर्जिकल सामानहरु समेत म्याद सकिइ प्रयोजन बिहिन हुनसक्ने तर्फ सम्वन्धित निकाय तथा पदाधिकारीहरुको यथाशिघ्र ध्यान जानुपर्ने देखिन्छ ।

(घ) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) र (९) मा खर्चका प्रमाण सहित लेखा राख्न लगाउनुपर्ने व्यवस्था छ।पालिकाले स्वास्थ्य तर्फको कार्यक्रम संचालन गर्दा विल भरपाई वेगर भरपाई बैठकको स्पष्ट उद्देश्य हुने गरी बैठक बस्नुपर्ने साथै कार्यक्रम सञ्चालन गर्दा कागजात मिलाई भुक्तानी दिनुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएकोले सुधार हुनुपर्दछ ।

(ङ) सेनिटरी प्याड - सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि २०७६ को परिच्छेद ३ बमोजिम बिद्यालयले

आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरीप्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ । यस स्थानीय तह र अन्तर्गतका बिद्यालयले सो कार्यबिधि बमोजिम अभिलेख राखेको देखिएन । पालिकाले विद्यार्थी संख्या एकिन गरि विद्यालयको माग फारमको आधारमा मालसमान खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याड खरिद गर्दा कोटेसन मार्फत २०८०।०३।१५ मा श्री आरम्भ सेनिटरी प्याड उधोग सँग रु ९४९९२७।को सेनिटरी प्याड खरिद गरेको छ । आर्थिक वर्षको अन्त्यमा रु ५६०७३। मौज्दात बाकी रहेको छ । पालिकाले विद्यार्थी संख्याको आधारमा आवश्यक्ताको बिश्लेषण गरी समयमा खरिद गरी विद्यालयको माग बमोजिम वितरण गर्ने तर्फ ध्यान दिनुपर्नेमा खरिदको ठुलो परिमाण मौज्दात रहने गरी खरिद गरेको छ । हाल सबै बितरण भइसकेको जवाफ र भर्पाइ कार्यालयबाट प्राप्त भएको छ ।

अनियमित भएको	१२,१३,०८४

(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४१ कर विजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) तथा नियमावली २०५३ को नियम १७ (१) अनुसार मु.अ.करमा दर्ता भएको प्रत्येक फर्म संस्था तथा निर्माण व्यवसायीले तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कानुनमा उल्लेख भएको भन्दा फरक घटी रकमको कर बिजक वा देहाय अनुसार रीत नपुगेको कर बिजकको आधारमा भुक्तानी दिएको देखियो । यस प्रकार घटी रकमको बिजक वा रीत नपुगेको बिजकको आधारमा भुक्तानी भएको निम्नानुसारको मु अ कर रकम रु २४८९७५। नियमानुसार मुल्य अभिबृद्धि कर खातामा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकममा लाग्ने शुल्क र जरीवाना सहित निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु...

गौ भौ नं/मिति	भुक्तानी पाउने	भुक्तानी रकम	नपुग बिजक रकम	मू अ कर रकम	कैफियत
५।०८०।३।२१	गण्डकी नेशनल इन्जिनि यरिङ्ग सोलुसन प्रा ली	२४९८४५९	६४६१४	७४३४	घटी रकमको बिजक
९।०७९।६।१३	बिजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली	१२०००००	०	१३८०५३	मिति उल्लेख नभएको बिजक

२०४।०८०।१।२९	नेपाल सिन्टेक्स इण्डस्ट्रिज प्रा.ली.	८५३६४२	०	९८२०७	फोटोकपि कर बिजक
४१७।०८०।३।१८	क्रिप्टि इन्नोभेसन टेक्नोलोजी प्रा ली	३३९००	०	३९००	फोटोकपि कर बिजक
४१६।०८०।३।१८	पिपलटार कन्स्ट्रक्सन प्रा ली	१२०००	०	१३८१	बिजक नं २४ हातले लेखेको
	जम्मा			२४८९७५	

प्रमाण पेश नगरेको	२,४८,९७५

४२ **सैद्धान्तिक व्यहोराहरु**

उपभोक्ता समितिबाट गराएको कामः कार्यालयबाट प्राप्त बिबरण अनुसार योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम २८६=वटा उपभोक्ता समितिहरुसंग रु.=६०१५४०३८=।को लागत अनुमान स्वीकृत गरी सम्झौता गरेकोमा २६८=वटा योजनाहरुमा रु. ५२९६०२७४=। को कार्य गराएको छ । जसमा रु.= ६५८६१०५। को कार्य जनसहभागिताबाट गराइ बाकी रु.== ४६३४२२०१। पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ । (रु. मा)

लागत अनुमान/सम्झौता		कार्य सम्पन्न			
संख्या	रकम	संख्या	जम्मा भएको काम	जनसहभागिताबाट भएको काम	भुक्तानी रकम
२८६	६०१५४०३८	२६८	५२९६०२७४	६५८६१०५	४६३४२२०१

(क) हस्तान्तरण र लगत अद्यावधिकः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र दफा ४ को उपदफा (१) खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको

कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा उपभोक्ता समितिबाट कार्य गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

(ख) मुल्य अभिबृद्धि करः कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मुल्य अभिबृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्रीको मात्र मुल्य अभिबृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मुल्य अभिबृद्धि कर रकममा नबढ्नेगरी मुल्य अभिबृद्धि कर लाग्ने निर्माण सामाग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मुल्य अभिबृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मुल्य अभिबृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मुल्य अभिबृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मुल्य अभिबृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

(ग) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

(घ) जनश्रमदान र लागत सहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये धेरैजसो निर्माण कार्यमा १० प्रतिशतको हाराहारीमा जनसहभागिताबाट कार्य गराएको

देखियो । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नु पर्दछ ।

(ङ) सार्वजनिक परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

(च) अनुगमन समितिः पालिका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

(छ) तेश्रो पक्षबाट कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उक्त उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

(ज) हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो स्तरीन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु समेत प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

(झ) गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

(ञ) काम नभएका सम्झौताः उपभोक्ता समितिले सम्झौतामा तोकिए बमोजिमको कार्यहरु तोकिएको मितिमा तोकिए बमोजिम सम्पन्न गर्नु पर्दछ ।कार्यालयले योवर्ष २८६ वटा उपभोक्ता समितिसंग रु. ६०१५४०३८। बराबरको सम्झौता गरी कार्य गर्नेगरी तोकिएकोमा १८ वटा उपभोक्ता समितिहरुले देहाय बमोजिम सम्झौतामा तोकिएको अवधिमा तोकिए बमोजिम रु.613973२। को कार्य नगरी रु. शुन्य बराबरको कार्य गरेको बिबरण कार्यालयबाट पेश भएको छ । यस प्रकार सम्झौता गर्ने तर सम्झौतामा तोकिएको कार्यहरु नगर्ने उपभोक्ता समितिहरुलाइ कानुन बमोजिम जवाफदेही तुल्याउनु पर्दछ ।

सि नं.	योजनाको नाम र स्थान	लागत अनुमान रु.	सम्झौता		कार्यसम्पदान रु.	जनसहभागिताको काम रु	भुक्तानी रकम रु.
			सम्झौता	कार्यसम्पदान			
१	बस्यालडाँडाजोर मोटरमार्ग योजना	556816.64	10/16/2079	12/28/2079	०	०	०

२	पार्वतीआ.वि ट्वाईलेट निर्माण योजना	540610.25	10/17/2079	3/15/2080	०	०	०
३	सृजनायुवा क्लब भवन रंग रोकन योजना	162159.76	10/29/2079	2/15/2080	०	०	०
४	स्याल्दीखेत बाभ्राफेद पहिरो व्यवस्थापन योजना	54223.20	12/5/2079	1/15/2080	०	०	०
५	साँधारीकुलो मर्मत योजना कोलडाँडा	54066.68	12/13/2079	2/15/2080	०	०	०
६	ओर्चलुमएक घर एक धारा निर्माण योजना	108487.61	12/13/2079	1/30/2080	०	०	०
७	सा.गजरकोट गा.वि.स भवन देखि फल्लारे मोटरमार्ग स्तरवृद्रि	162553.59	12/19/2079	1/30/2080	०	०	०
८	काठेकोटसोहोरा खानेपानी योजना	54778.27	12/19/2079	2080/02/30	०	०	०
९	युनाइटेडयुवा क्लब भवन व्यवस्थापन योजना	108166.72	12/20/2079	2080/02/30	०	०	०
१०	पशुपतिमोटर मार्ग	218332.8	10/12/2079	3/15/2080	०	०	०

११	गल्कोटमोटर मार्ग स्तरवृर्दि	271584.92	11/26/2079	1/15/2080	०	०	०
१२	नयाटाररिङरोड	323349.5	12/13/2079	2/30/2080	०	०	०
१३	नवप्रवर्तन युवा क्लव भवन	387443.43	12/19/2079	2/30/2080	०	०	०
१४	सिफलुङमोटर मार्ग स्तरवृरद्रि	163848.19	12/19/2079	2/30/2080	०	०	०
१५	बडोरकुलो	108407.66	12/19/2079	2/30/2080	०	०	०
१६	गाबुडाडाँनयाँटार मोटर मार्ग स्तर वृद्रि	546263.7	12/20/2079	2/30/2080	०	०	०
१७	नयाँटारखेलमैदान	162049.68	12/20/2079	2/30/2080	०	०	०
१८	नयाँटारसिचाई योजना	2156588.92	12/20/2079	3/15/2079	०	०	०
	जम्मा	=SUM(ABOVE) 613973२					

आर्थिक सहायताः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ८११८५०। आर्थिक सहायता वितरण गरेको पाइयो। यसको बिबरण संलग्न अनुसुचीमा रहेको छ। यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

अनुसुची

आर्थिक सहायता बिबरण

(क) कार्यालयले गाउँपालिका आन्तरिक तथा अन्य सहायता प्राप्त गर्ने व्याक्तिको लागि कानून तर्जुमा गर्नुपर्ने तथा सोको रकम गा।पा को प्रकोप व्यवस्थापन कोष शिर्षकवाट मात्र खर्च गर्नुपर्ने देखिएको साथै उपचार खर्च उपलब्ध गराइएको व्यक्तिहरूको लगत अभिलेख राख्नुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतले औल्याएकोले सुधार हुनु पर्दछ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमः स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गाउँपालिका सरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष सुचिकृत बेरोजगार 289 जना मध्ये ५५ जनालाई रोजगारी उपलव्ध गराई जम्मा विनियोजित रकम रू ५४ लाख ७५ हजार मध्ये रु. ४१ लाख २४ हजार ७ सयर रूपैया खर्च गरेको छ । लक्षित वर्गलाई ७० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन यसलाई सुधार गर्नुपर्ने देखिन्छ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएको छ ।
कन्टिन्जेन्सीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची (१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष बिभिन्न योजनाको लागत अनुमान अंकको ३ प्रतिशतले हुने रु ३८३१६६३। कन्टिन्जेन्सी वापत रकम छुट्टाइ बजेट खर्च लेखेकोमा रु ५६७१०४। खर्च गरी रु ३२६४५५८। बाकी रहेको बिबरण पेश गरेको छ ।यसप्रकार बास्तविक खर्च नभइ बजेट खर्च लेखी छुट्टाएको कन्टिन्जेन्सी रकमले खर्चको वास्तविक यथार्थता चित्रण गर्दैन । यसरी छुट्टाएको कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यालयले व्यवस्थित अभिलेख नराखी खर्च गर्ने गरेको देखियो । तसर्थ कटिन्जेन्सीको व्यवस्थित अभिलेख राखि खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४३ **उपभोक्ता समितिबाट बस्तु खरिद कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजना र खरिदको प्याकेज सम्वन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ ।पालिकाले उक्त ऐन र नियमावली विपरित देहाय अनुसार बिभिन्न उपभोक्ता समिति वा लाभग्राही समुह वा संस्था तथा व्यक्ति मार्फत टुक्रा टुक्रा गरी बिभिन्न मुल्यका सामाग्रीहरु सोझै खरिद गरी भुक्तानी दिएको छ । यसप्रकार खरिद गरीएका उक्त सामाग्रीहरु सम्वन्धित कार्यमा उपयोग गरेको नापी किताव लगायत काम भएको प्रमाणित हुने प्राविधिक पुष्ट्याइ समेतको प्रमाण समेत पेश हुन आएन। यसप्रकार चाहिने बस्तु तथा सामाग्री लगायतका सम्पत्तिहरुको आवश्यक्ता बिश्लेषण गरी उपरोक्त ऐन र नियमावली अनुसार खरिदको योजना र प्याकेज बनाएर बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराइ सम्वन्धित व्यक्ति वा संस्थामा आपुर्ति गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी टुक्रा टुक्रा गरेर सम्वन्धित लाभग्राही समुहबाट सोझै खरिद गरेबाट खरिद कार्यमा पार्दर्शिता र स्वच्छ प्रतिस्पर्धा हुन पाएन । यसको बिबरण संलग्न अनुसुचीमा रहेको छ। यसबाट कार्यालयलाइ थप आर्थिक व्ययभार परेको देखिन आएको रु

क्र. सं.	**भौचर नं. र मिति**	**उ. स. को नाम**	**खरिद सामाग्री**	**सम्पन्न रकम**
१	२९/०७९/८/७	गैरावारी खा पा योजना उ. स.	पम्प खरिद	३७९४००
२	११२/०७९/१२/१४	चन्द्रकोट खानेपानी पम्प	पम्प खरिद	३३१६५०
३	१४८/०७९/१२/२६	तल्लो बल्लो बल्छिगौडा उ. स.	पम्प खरिद	३३१६५०
४	186/080/1/25	रक्सीघाट खानेपानी लिफ्टिङ उ. स.	पम्प खरिद	४७९८०७
५	२९५/०८०/२/२९	वजादी खानेपानी योजना उ. स.	पम्प खरिद	११६८४९
६	४८३/०८०/३/२२	कृषण मा वि	फर्निचर खरिद	५४०२७३
		जम्मा		**२१७९६२९**

अनियमित भएको	२१,७९,६२९

४४ **उपभोक्ता समितिमार्फत जटिल प्रकृतिको कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरीयता वा दिगोपना कायम हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारी सृजना गर्ने वा लाभग्राही समुहलाई सहभागी गराउने भएमा यस्ता समुहबाट कार्य गराउन सक्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बसोवास गर्ने वासिन्दा निर्माण कार्यको उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने तथा यसै नियमको उपनियम ३(घ) मा सम्पन्न निर्माण कार्यको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति मार्फत गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्न कार्यहरु लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत गराएको छ । यस्ता कार्यहरु हुनै सिमित उपभोक्ता समिति वा लाभग्राही समुदायले मात्र उपभोग गर्ने सेवा नभएको तथा यसको मर्मत सम्भार र सञ्चालन समेत उपभोक्ता समितिले नगर्ने तथा जटिल प्रकृतिको कार्य समेत भएकोले यस्ता कार्यहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४बमोजिमको प्रतिस्पर्धात्मक प्रकृया अवलम्बन गरी व्यवसायी र अनुभवी निर्माण व्यवसायी मार्फत गराउनु उपयुक्त देखिन्छ ।यसका केही उदाहरणहरु निम्न छन् ।पालिकाले आगामी दिनमा यस्ता प्रकृतिका कार्यहरु गर्दा कानुनबमोजिम गर्नुपर्दछ।

भौचर नं. र मिति	**आयोजनाको नाम**	**कामको विवरण**	**कुल रकम**
३६/०७९/८/२५	कालि शंकर मार्ग उ. स.	मोटर मार्ग	२०००००
६०/०७९/१०/१९	कुमालहित सामुदायिक बन उ. स.	उस भवन	३०००००
६७/०७९/११/१४	माझवेसी मोटरमार्ग ढलान	बाटो ढलान	१०००००
९८/०७९/१२/७	सृजनशील आमा समुह	आमा समुह भवन निर्माण	२०००००
१०७/०७९/१२/१३	प्रहरी चौकी घिरिङ पोखरीछाप गोलघर	गोलाघर निर्माण	१०००००
१११/०७९/१२/१४	शान्ति मोटर मार्ग निर्माण उ. स.	मोटर मार्ग कटिङ्ग	२०००००
१३३/०७९/१२/२१	खडबङ्याङटार उ. स.	उस भवन	३०००००
159/080/1/3	जैथुम भालस्वरा मोटरमार्ग स्तर वृद्धि	मोटर मार्ग स्तरोन्नति	१९९०००
१८९/०८०१/२६	चण्डी मोटरमार्ग स्तरवृद्धि	मोटर मार्ग स्तरोन्नति	४४६०००
१९०/०८०१/२६	मानपुर बहुउद्देश्यीय भवन निर्माण योजना	भवन निर्माण	४९८०००

जम्मा	२५४३०००

	सैद्धान्तिक बेरुजु

४५ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई विल भरपाईको आधारमा जनश्रमदानको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । यसै नियमावलीको नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।पालिकाले उपभोक्ता समितिलाई विभिन्न योजनाको भुक्तानी दिंदा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादन भन्दा बढी भुक्तानी गरेको पाइयो। जसका केही उदाहरणहरु निम्नानुसार छन्। उक्त बढी भुक्तानी सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नेपर्ने रु

सि. नं	**गो. भौ. नं./मिति**	**उ. स. को नाम**	**भुक्तानी भएको रु**	**भुक्तानी हुनुपर्ने रु**	**बढी भुक्तानी रु**
१	186/080/1/25	रक्सीघाट खानेपानी लिफ्टिङ उ. स.	415825	४१४३७१	१४५४
२	२५५/०८०/२/१०	कृष्ण मोटरमार्ग देखि मानपुर सिढी निर्माण उ. स.	87670	७८६७७	८९९३
३	१९१/०८०/१/२६	मान्फा मोटरमार्ग उ. स.	268613	२६७६६९	९४४
४	३११/०८०/३/३२	चउँन्न लामोसोति बाँध निर्माण	२८४०००	२७०२६१	१३७३९
५	३४४/०८०/३/६	शालिग्राम करिडोर शिवालय जोड्ने मोटरमार्ग उ. स.	१४२५५०	१४०५७७	१९७३
६	२७२/०८०/२/१८	पोखरिछाप सिडि बाटो निर्माण उ. स.	९५५००	७६५९६	१८९०४
	जम्मा		**१२९४१५८**	**१२४८१५१**	**४६००७**

असुल गर्नुपर्ने	४६,००७

४६ बढी मु.अ.कर भुक्तानी

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिलाई भुक्तानी दिँदा मुल्याङ्कन भएको सामाग्रीको परिमाण भन्दा घटी बिल पेश गरेको पाइयो। जसका केही उदाहरणहरु निम्नानुसार छन्। यसरी घटि बिल पेश गर्दा तोकिएको परिमाण र गुणस्तरमा कार्य भयो भनि एकिन हुन सकेन । बढी भुक्तानी हुन गएको मु.अ.कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नपर्ने रु

क्र. सं.	गो. भौ. नं./मिति	योजना/उ. स. को नाम	प्रयोग भएको सामाग्री	मुल्याङ्कन	बिल पेश	कम प्रयोग	दर	जम्मा रु	(मु.अ.कर) बढी भुक्तानी रु
१	६०/०७९/१०/१९	कुमालहित सामुदायिक बन उ. स.	सिमेन्ट	१०२	८०	२२	८२५	18150	2360
२	१३३/०७९/१२/२१	नब्वे खड्बड्याङ सा उ. स.	सिमेन्ट	७८	५५	२३	८२५	18975	2467
३	१३४/०७९/१२/२१	सिफलुङ गुरुङगाउँ फुला लिफ्टिङ खा पा उ. स.	सिमेन्ट	५१	१६	३५	८२५	28875	3754
४	३९०/०८०/३/१७	राधाकृष्ण मोटरमार्ग छैना	सिमेन्ट	३००	२८०	२०	८२५	16500	2145
५	381/080/3/13	मोचावारी च्याचुल मोटर मार्ग	सिमेन्ट	११८	६०	५८	८२५	47850	6221

६	८/०७९/८/२५	काली शंकर मोटर मार्ग	डोजर प्रयोग	१५०४९५	१२००००	३०४९५		३०४९५	३९६५
		जम्मा						**1६0८४५**	**२०९११**
							असुल गर्नुपर्ने		२०,९११

४७ **सामाजिक सुरक्षा तर्फ**

पालिकाले यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा शुरु बजेट रु ७८८३२००० र थप भइ प्राप्त बजेट रु १५०२४००० गरि ९३८५६००० बजेट मध्ये मिति २०८०/२/१९ को पत्र अनुसार अपुग रकम थप निकासाको लागि विभागमा पठाइएको पत्रानुसार थप निकासा भएको रकम १७८३००० रहेको छ। पालिकाले जम्मा रु ९२३१३५४४ निकासा भएकोमा बाँकी बजेट रु रु १५४२४५६ रहेको र सामाजिक सुरक्षा भत्ता बापत आ. व. २०७९/८० मा कुल रु ९२३१३५४४ वितरण भइ २०७९/०८० को मृतक लाभग्राहीको जम्मा फिर्ता रकम रु १७२४२५ सञ्चित कोषमा फिर्ता दाखिला भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरि लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो ।लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा निष्कृय लाभग्रहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ ।

(ग) नागरिकता नं एउटै भएको: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा 21 मा स्थानीय तहले ऐनको दफा १७ को उपदफा (३) बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा मिति 2077/07/24 मा प्रकाशित अनुसूची-9 बमोजिमको सूचना अनुसार बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने व्यवस्था छ । साथै सामाजिक

सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ४ को बुँदा नं १४ अनुसार प्रत्येक स्थानीय तहले प्रविष्टि गरेको अद्यावधिक एम आइ एस लगतका आधारमा भत्ता रकम निकासा हुने व्यवस्था छ। पालिकाले लाभग्राहीको खातामा रकम जम्मा गर्नलाई बैक मा रकम पठाउदा नागरिकता नं. उल्लेख नै नभएका तथा एउटै नागरिकता नं भएको १ जना भन्दा बढी लाभग्राहीलाई रकम वितरण गरेको देखिएको छ। उल्लेखित लाभग्राहीहरुमध्ये बाबु आमाको नाम लगाएतका विवरण अद्यावधिक नगरेका लाभग्राही एकै व्यक्ति भए/नभएको एकिन गर्न सकिएन। पालिकाले सबै लाभग्राहीको विवरण अध्यावधिक गरि एकै लाभग्राहीलाई दोहोरो भत्ता वितरण भए/नभएको एकिन गरी सामाजिक सुरक्षा भत्ता वितरण दोहोरो भुक्तानी भएको पाईएमा असुल गर्नुपर्दछ।

क्र. सं.	सामाजिक सुरक्षा भत्ताको किसिम	वडा १	वडा २	वडा ३	वडा ४	वडा ५	संख्या
१	जेष्ठ नागरिक	8	22	24	13	42	109
२	अन्य जेष्ठ नागरिक	1	4	1	3	3	12
३	एकल महिला	2	1	5	3	2	13
४	विधवा	1	1	1		3	6
६	अति अशक्त अपाङ्गता			1			1
	जम्मा	**12**	**28**	**32**	**19**	**50**	**141**

(घ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिएको भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएकोले सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ दिवा खाजा अन्तर्गत कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थि दैनिक रु. २०। का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५। का दरले १८० दिनका लागि विद्यालयमा अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहले दिवा खाजा उपलब्ध

गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुबै जनाबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र अनुदान दिने व्यवस्था भएकोमा पालिकाले यस वर्ष ४० वटा विद्यालयमा विद्यार्थी संख्या र हाजिरीको आधारमा दिवा खाजा बापत रु.४७६१५४९। निकासा गरेको प्राप्त विवरणबाट देखिन्छ । पालिकलेको शिक्षा शाखाले नियमित रुपमा स्कूलमा खाजा खुवाएको अनुगमन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४९ **बैठक भत्ता**

संघीय अर्थ मन्त्रालयबाट जारी भएको आर्थिक कार्य संचालन निर्देशिका, २०७७, गण्डकी प्रदेश आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११५ र गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ३ मा बैठक भत्ता खर्च लेख्दा पालना गर्नुपर्ने मापदण्डहरुको बारेमा उल्लेख गरेको छ ।त्यसैगरी गण्डकी प्रदेश गाउसभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ८ मा बैठक भत्ता सम्वन्धमा उल्लेख रहेको छ । यस पालिकाका निम्न कर्मचारी तथा पदाधिकारीहरुको नियमित कार्यहरुमा समेत कार्यालयका पदाधिकारी तथा कर्मचारीहरु मात्र उपस्थित बैठकमा देहाय अनुसार बैठक भत्ता रु.३५९०००। भुक्तानी दिइ खर्च लेखेको कार्य कानुन सम्मत मिल्ने देखिन नआएकोले भुक्तानी दिन मिल्ने कानुनी आधारहरु भए पेश हुनुपर्ने अन्यथा सम्वन्धितहरुबाट असुल हुनुपर्ने रु

सिन	भौ. न. मिति	विवरण	दर	जम्मा रकम	कैफियत
१	५।२०७९।५।२६	दररेट निर्धारण समिति	१०००	४१,०००.००	प्र.प्र.अ. समेत ८ जना कर्मचारी
२	१८५।०७९।१०।१८	का.स.मु समिति	१०००	८,०००.००	प्र.प्र.अ. समेत ४ जना कर्मचारी
३	२५७।०७९।११।२१	ठेक्का मूल्याकन	१०००	४७,०००.००	प्र प्र अ समेत ५ जना कर्मचारी
४	४४०।०८०।२।२	केन्द्र सञ्चालन	१०००	८,०००.००	उपाअध्यक्ष प्र.प्र.अ. समेत ८ जना
५	४८७।०८०।३।३	माइनुट तोक आदेश	१०००	२६,०००.००	प्र.प्र.अ. समेत ६ जना कर्मचारी
६	४९८।२०८०/०३/१२	मुल्याङ्कन समितिको	१०००	३७,०००.००	प्र.प्र.अ. समेत ७ जना कर्मचारी
७	५०७।२०८०/०३/१३	राजश्व परामर्श	१०००	२३,०००.००	

८	५४३।२०८०/०३/१८	विषयगत शाखाको	**१०००**	१९,०००.००	अध्यक्ष उपाअ.प्र.प्र.अ. समेत १६ जना
९	५४७।०८०/०३/१८	बन तथा बातावरण	**१०००**	७५,०००.००	अध्यक्ष उपाअ. प्र.प्र.अ. समेत ९ जना
१०	५५६२०८०/०३/१९	पशु सेवा	**१०००**	५५,०००.००	अध्यक्ष उपाअ. प्र.प्र.अ. समेत ५ जना
११	५७९।२०८०/०३/२०	प्र.अ. बैठक भत्ता	**१०००**	२०,०००.००	अध्यक्ष उपाअ. प्र.प्र.अ. समेत ७ जना
जम्मा				**३५९०००।**	

प्रमाण पेश नगरेको	३,५९,०००

५० **विजुली महसुल**

२९।२०७९।७।२१ प्रदेश खर्च मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली तथा टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । यस कार्यालयले माघ र फल्गुन महिनाको बिजुली महसुल बापत रु.२७४५९९। नेपाल बिधुत प्राधिकरणलाई भुक्तानी गर्दा समयमा नतिरेकोले रु.५५५२८। जरिवाना सहित भुक्तानी गरेको छ । पालिकाले नियम अनुसार समयमा महसुल तिर्नपर्नेमा नतिरेकोले जरिवाना बापतको रकम नियमसम्मत नभएको रु

अनियमित भएको	५५,५२८

५१ **ब्याग खरिद**

२७५।२०७९।१०।१२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार

व्यक्तिको हुने उल्लेख छ। पालिकाले स्वीृत कार्यक्रम र प्रयोजन बेगर ६० थान ब्याग रु. १९६६२०। मा खरिद गरि स्टोर दाखिला गरेकोमा उक्त ब्याग स्वीृत कार्यक्रम र प्रयोजन सहित बितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,९६,६२०

५२ **. न्युन विद्यार्थी संख्या भएका विद्यालय**

संघिय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थि संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। सोह नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ३६ रहेको र यस आ व मा उक्त विद्यालयहरुलाइ यस पालिकाबाट जम्मा रु १२११९७८६४। निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार देहायका २५ वटा विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा अत्यन्त्य न्यून संख्यामा विद्यार्थि रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाइ उपरोक्त कानून बमोजिम एक आपसमा गाभि विद्यालय व्यवस्थापनलाइ चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ यस पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीहरुको ध्यान गइ कानून बमोजिम गर्नुपर्ने देखिन्छ। यस पालिका अन्तर्गत ५० भन्दा कम विद्यार्थी संख्या रहेका बिद्यालयहरुको विवरण यस प्रकार छ।

क्र.स.	**विद्यालयको नाम**	**सञ्चालित कक्षा**	**विद्यार्थी संख्या**	**शिक्षक संख्या**	**कुल त.भ निकासा रु.**
१	भैरव प्रा.वि.	बावि ५	47	६	२८४५५८७
२	राजपुर प्रा.वि.	बावि ५	43	५	२१९२२६२
४	सृजना प्रा.वि.	बावि ३	43	३	१५२४९१२
३	पशुपतिनाथ प्रा.वि.	१ ५	41	४	१८९१६४१
५	बालज्योति प्रा.वि.	बावि ३	40	३	१६९६२७७
७	चण्डी प्रा.वि.	बावि ५	38	७	३१४०६७५
६	गुदीभङ्ग्याङ प्रा.वि.	बावि ५	37	५	२३८५७०५

९	जयनेपाल प्रा.वि.	१ ५	32	४	२१८२१४०
१०	भैरवी प्रा.वि.	बावि ५	31	४	१५७७२३९
११	सरस्वती प्रा.वि.	बावि ५	30	५	२२१६१६५
१२	लक्ष्मी प्रा.वि.	१-३	28	३	१३८९६५६
१३	कल्या०ादेवी प्रा.वि.	१-५	27	४	१९१४५६८
१४	जलबाराही प्रा.वि.	१-३	27	२	१२३७१७८
१५	कृष्०ागंगा प्रा.वि.	बा-३	26	३	१५९१८०४
१६	थानी प्रा.वि.	१-३	26	२	१३२०७४१
१७	मोति प्रा.वि.	बावि ३	23	४	१४५३९७१
१८	अकलादेवी प्रा.वि.	१-३	21	३	१२५१९१०
१९	जलदेवी प्रा.वि.	बावि ३	20	४	१४०२१३२
२०	सत्यदेवी प्रा.वि.	१-३	18	३	१०१२२६६
२१	राधाकृष्०ा प्रा.वि.	१-३	13	३	१२२८३८७
२२	जनप्रिय प्रा.वि.	१-३	12	३	१२७८८०४
२३	कालिकादेवी प्रा.वि.	१-३	12	३	१०५४६३८
२४	कालिका प्रा.वि.	१-३	9	३	११२६४०३

२५	थानीवन प्रा.वि.	१-३	5	३	११८४१६९

(क) विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या अनुसार विद्यालय शिक्षक र शिक्षिकाको व्यवस्था गरिनुपर्दछ। विद्यार्थी संख्याको घटी वढी भएमा कार्यरत शिक्षक शिक्षिकाको समेत समायोजन र विद्यालय समेत मर्ज गरी पालिकाको आर्थिक व्यय भार कम गर्नुपर्दछ भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनले समेत औल्याएको छ ।

	सैद्धान्तिक बेरुजु

५३ **तलबी प्रतिवेदन**

संघिय निजामती सेवा ऐन तथा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४९(२) अनुसार तलबी प्रतिवेदन तोकिएको कार्यालयबाट पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकमा कार्यारत स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको छ । पालिकाले कार्यालयमा कार्यरत तथा स्वास्थय तर्फ कर्मचारीको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

५४ **मू. अ. कर समायोन पत्र**

मूल्य अभिबृद्दि कर ऐन, २०५२को दफा ७ बमोजिम असूल गरेको मूल्य अभिबृद्धि करको विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सम्बन्धित फर्मलाई मूल्य अभिबृद्धि कर भुक्तानी दिदाँ ३० प्रतिशत रकम कट्टा गरी सोझै आन्तरिक राजश्व कार्यालयलाई भुक्तानी दिनु पर्नेमा पालिकाले पुरै मूल्य अभिबृद्धि कर भुक्तानी दिएकोले देहायका फर्महरुले मूल्य अभिबृद्धि कर बुझाएको समायोजन पत्र पेश गर्नुपर्ने रु...

सिन	भौचर न. मिति	फर्मको नाम	प्यान न.	बिल न. मिति	बिल रकम	भ्यट रकम
१	१६।०७९।५।२७	सफ्टवेयर हव नेपाल प्रालि ललितपुर	६०९७७६२३०	२	४०७०७९	५२९२०
२	१६।०७९।५।२७	क्रिप्टी ईनोभेसन प्रालि पोखरा	६०७९९४८४१	१,०७९।५।२४	४३८०५३	५६९४६

		जम्मा				१०९८६६

प्रमाण पेश नगरेको	१,०९,८६६

५५ **शिर्षक फरक**

६०१।२०८०।३।३१ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले राष्ट्रिय मा. वि.को भवन निर्माण गर्दा पूजिगत शिर्षकबाट रु. ४६०३००। भुक्तानी गर्नुपर्नेमा चालु शिर्षकबाट भुक्तानी गरेकोले नियमको पालना नभएको रु

वजेटलाइ सुत्र प्रणालिमा प्रविष्टि गर्दाका वखत प्राविधिक त्रुटिवस पूँजिगत शिर्षकमा हुनुपर्नेमा चालु शिर्षक तर्फ प्रविष्टी भएको व्यहोरा कार्यालयले जनाएको छ ।

अनियमित भएको	४,६०,३००

५६ **अतिरिक्त भत्ता**

प्रदेश खर्च मापदण्ड, २०७९ को दफा १५(१) सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन पाइने छैन । दफा १५(३) बमोजिम दैनिक काम वाहेक अनिवार्य रुपमा थप काम गर्नु पर्ने अवस्थामा थप कामको विवरण र कारण सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र त्यस्तो काममा लगाउने र सो वापत तोकिएको सुविधा खर्च लेख्दा कार्यसम्पन्न भएको प्रगति विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउ सभाको निर्णय अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित निम्न १६ कर्मचारीलाई देहाय बमोजिम १२ महिना नै अतिरिक्त समय काममा लगाएको भनि देहाय बमोजिम रु.१५७००६०। अतिरिक्त समय भत्ता भुक्तानी गरेको छ । कुन काम र प्रयोजनको लागि कहिले देखि कहिलेसम्म अतिरिक्त समय काममा खटाउने हो सो सम्बन्धमा कुनै निर्णय र आदेश समेत भएको नदेखिएको हुँदा यस प्रकार लेखेको खर्च रकमलाई कानुन सम्मत भन्न मिल्ने देखिदैन । पालिकाको आफ्नो आन्तरिक आम्दानी अत्यन्त कमजोर रहेको अवस्थामा पालिकाले संघिय अनुदानमा निर्भर श्रोतबाट स्थायी र करार समेतका निम्न कर्मचारीहरुलाइ यस प्रकारको सुबिधा रकम १२ महिना नै भुक्तानी गर्नेगरी निर्णय समेत गर्न मिल्ने कानुनी आधार समेत देखिदैन ।

सि.न.	नाम	पद	महिना	कर बाहेक रकम
१	श्री बिष्णु प्रशाद पोखरेल	प्र.प्र.अ.	१२	११८८००।००
२	श्री धुव्रराज लामिछाने	छैठौ	१२	५९४००।००

३	श्री अविनास ढकाल	ले अ सातौ	१२	९५०४०।००
४	श्री बावुराम गैह्रे	सातौ	१२	५९४००।००
५	श्री अमृत कुमार श्रेष्ठ	सव ई.	१२	५९४००।००
६	श्री अभिषेक नेपाल	अ.सव ई.	१२	३५६४०।००
७	श्री राम शंकर मंडल	अ.सव ई.	१२	३५६४०।००
८	श्री विदुर मरहट्टा	सव ई	१२	११८८००।००
९	श्री मदन गुरुङ्ग	सव ई	१२	११८८००।००
१०	श्री प्रेम बहादुर राण	नाप्रह	१२	१३११५५।००
११	श्री मनिसा श्रेष्ठ	नाप्र	१२	१३११५५।००
१२	दुर्गा सि आले	नाप्र	१२	१३११५५।००
१३	तिलक आले मगर	नाप्र	१२	१३११५५।००
१४	गणेश रशाइली विक	असइ	१२	५९४००।००
१५	होम बहादुर थापा	सहचा	१२	१४२५६०।००
१६	चन्द्र बहादुर शार्की	सहचा	१२	१४२५६०।००
जम्मा				**१५७००६०।**

सैद्धान्तिक बेरुजु

५७ **जिल्ला दर भन्दा बढी**

५४।२०८०।१।१२ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार स्वीकृत बजेट भित्र तोकिएको कार्यक्रम तथा खर्च शिर्षकको परिधीभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकले खाधन्न बालिको उन्नत विउ उपयोग ५० प्रतिशत अनुदान अन्तर्गत श्री विमल एग्रो फर्म एण्ड रिसर्च सेन्टर, भरतपुरबाट उन्नत मकै विउ १४४० केजी खरिद गर्दा प्रति के.जि. रु.८० को दरले लागत ईष्टीमेट बनाइ रु११५२००। को ५० प्रतिशतले रु५७६००। भुक्तानी गर्नुपर्नेमा उक्त संस्थासँग १४४० केजी मकैको विउ रु.१२० प्रति केजिको दरले खरिद गरी रु.१७२८०००। को ५० प्रतिशतले रु.८६४००। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	२८,८००

५८. बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कामधेनु मा।वि मा भवन निर्माण गर्ने कार्यका निर्माण व्यवसायी बुद्धशिव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा।ली।लाइ बिद्यालय मार्फत बिलको भुक्तानी रु।१७१५००१। भएको छ । तर कार्यालयले तयार गरेको निजको ठेक्का बिल अनुसार जम्मा भएको काम रु २२३४६२०। मा पहिलेको बिल रु। ७५६८७१। घटाउदा हुने रु। १४७७७४९।मा मु अ कर समेत थप गरी हुने रु।१६६९८५६। भुक्तानी हुनुपर्नेमा उक्त रकम भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु....। ४५१४५।

९क० त्यसैगरी गौ भौ नं।मिति १२।०७९।३।२५ बाट उक्त भवन निर्माण गर्न निर्माण व्यवसायीसंग भएको सम्झौता बमोजिमको रकम एकमुष्ठ रु।३२४००१३। उक्त बिद्यालयलाइ निकासा दिएको छ । तर ठेक्का बिल र नापीकिताव अनुसार जम्मा रु।२२३४६२०।१२ मा मु अ कर थप गरेर हुने रकम रु।२५२५१२०। को मात्र कार्य भएको देखिएकोले बाकी रकम बिद्यालयबाट फिर्ता असुल गरी संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने रु..। ७१४८९३।

असुल गर्नुपर्ने	७६००३८

अनुगमन लेखापरीक्षण

५८ अनुगमन तथा सम्परीक्षण

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को

हुने उल्लेख छ। कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजुको लगत अद्यावधिक गरेको देखिएन। लेखापरीक्षणको क्रममा बेरुजु सम्परीक्षणको लागि पेश हुन आएन।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस घिरिङ गाउँपालिका, तनहुँ को २०७९।८० सम्मको फस्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
१	७०७४४०००	०	२८,५०६,७४६	०	९९२५०७४६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : घिरिङ गाउँपालिका, तनहुँ , घिरिंग गाउँपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Bishnu Prasad Pokhrel	२०७९-५-२९	हाल सम्म कार्यरत
लेखा प्रमुख	Abinash Dhakal	२०७९-७-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१२९७,५२८	२५,००४,७५७	७,००९,०२३	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३३,३११,३०८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					४,८०४,५६२
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२८,५०६,७४६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६२९२७१०७.४४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२८३९७५५५७	**चालु खर्च**	३३८२९४३९३.३७
प्रदेश सरकारबाट अनुदान	१६५४८६२५	**पूँजीगत खर्च**	१६१८२७६६२.८६
राजश्व बाँडफाँट	७१८१०५८६.२३	**वित्तीय/अन्य व्यवस्था**	०.०
आन्तरिक आय	४५५७१४६.६८		
अन्य आय	१०४४२१७१६.१९		
कुल आय	४८१३१३६३१.१	**कुल खर्च**	५००१२२०५६.२३
बाँकी मौज्दात		४४११८६८२.३१	

बेरूजु दफा ४० सँग सम्बन्धित विवरण - अनुसूची -३

क्र.स	औषधीको नाम	इकाई	परिमाण	मुल्य दर
१	Albendazole	Tab	४५००	नखुल्ने
२	Hyoscine	Tab	1210	नखुल्ने

३	Amlodipine	Tab	1350	नखुल्ने
४	Losartan	Tab	450	नखुल्ने
५	Ferrous Sulphate +Folic Acid	Tab	9255	नखुल्ने
६	Cloxacilin 500mg	Tab	520	नखुल्ने
७	Gentamycin	Tab	70	नखुल्ने
८	Vitamin -A	cap	1166	नखुल्ने
९	Inj- Adrenaline	Tab	36	नखुल्ने
१०	Inj - Diclofenac	Tab	11	नखुल्ने
११	Amoxycillin 125 mg	Tab	470	नखुल्ने
१२	Amoxycillin 250 mg	Tab	500	नखुल्ने
१३	Azithromycin 500mg	Tab	400	नखुल्ने
१४	IV Canula	pc	12	नखुल्ने
१५	Chlorexidine Gel 4%	Tube	29	नखुल्ने
१६	Inj - Lignocoine 2%	vial	19	नखुल्ने
१७	Clotrimazole cream 1%	tube	176	नखुल्ने
१८	Ciprofloxacin 500 mg	tab	1900	नखुल्ने
१९	Metformin 500 mg	tab	1920	नखुल्ने

२०	Misoprostol 200 mg	tab	200	नखुल्ने
२१	Fluconazole 150 mg	tab	64	नखुल्ने
२२	Ciprofloxacin 250 mg	tab	380	नखुल्ने
२३	folic Acid	tab	500	नखुल्ने
२४	Metoclopramide 10 mg	tab	280	नखुल्ने
२५	Sulphamethoxazole 400 mg	tab	400	नखुल्ने
२६	Paracetamol 125 mg	syrup	50	नखुल्ने
२७	Silver sulphadizine	Tube	29	नखुल्ने
२८	Inj Hyocine Butylebromide	ampoul	71	नखुल्ने
२९	Zinc Sulphate	Tab	530	नखुल्ने
३०	Inj Gentamycin	ampoul	20	नखुल्ने
३१	Benzyle salicylic Acid	Bottle	43	नखुल्ने
३२	Inj Ceftriaxone 1gm	vial	40	नखुल्ने
३३	Inj Dexamethasone	vial	16	नखुल्ने
३४	Inj Frusmide 10 mg	ampoul	19	नखुल्ने
३५	Inj Hydrocortisone 100 mg	vial	20	नखुल्ने
३६	Inj Metocloprimide	ampoul	10	नखुल्ने

३७	Inj Oxytocin 5U	ampoul	6	नखुल्ने
३८	Pheniramine Meleate inj	vial	16	नखुल्ने
३९	Inj Ranitidine	vial	39	नखुल्ने
४०	Inj Vitamin K	ampoul	19	नखुल्ने
४१	IV Dextrose 5%	Bottle	5	नखुल्ने
४२	IV Sodium Chloride0.9%	Bottle	23	नखुल्ने
४३	Acetyle Salicylic Acid 150mg	Tab	220	नखुल्ने

बेरूजु दफा ४२ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	गो.भौ.मिति	नामथर	रकम
१	२६- २०७९/०६/१२	सोम कुमार श्रेष्ठ	३००००
२	५६- २०७९/०७/२४	मदन आश्रीत युवा क्लव	२००००
३	७८- २०७९/०८/१३	जिल्ला खेलकुद विकास समिति	५००००
४	८०- २०७९/०८/१९	नेपाल उत्पिडित जातिय मुक्ति समाज	१००००
५	८०-२०७९/०८/१९	मिन कुमारी श्रेष्ठ	७०००
६	८८-२०७९/०८/२०	निर माया वि.क.	३००००
७	९०-२०७९/०८/२०	गाउँपालिका महासंघ	३००००

८	९३-२०७९/०८/२०	नारायणी नेपाली	७०००
९	१०५-२०७९/०८/२६	चन्द्र वहादुर वि.क.	१००००
१०	११४-२०७९/०९/०७	गणेश लामिछाने	२२०००
११	११५-२०७९/०९/०८	वृद्धाश्रम सहयोग समिति	१००००
१२	११६-२०७९/०९/०८	वेल वहादुर सार्की	८०००
१३	११६-२०७९/०९/०८	मिन वहादुर आले	५०००
१४	११६-२०७९/०९/०८	सेर जंग थापा	२००००
१५	१३९- २०७९/०९/२१	घिरिङ्कोट काला भैरव मन्दिर	१००००
१६	१४४- २०७९/०९/२४	नरेश थापा	७०००
१७	१५२-२०७९/०९/२८	लाल वहादुर श्रेष्ठ	६०००
१८	१६२- २०७९/१०/०९	घिरिङ पोखरा सम्पर्क मञ्च	३५०००
१९	१६७-२०७९/१०/१०	नेपाल मगर विद्यार्थि संघ	१५०००
२०	१७०- २०७९/१०/१६	सोम वहादुर सार्की	७०००
२१	१७८- २०७९/१०/१७	वोम वहादुर राना	३००००
२२	१८३- २०७९/१०/१७	धेनुङ्कोट (नेत्र वहादुर गन्द्रामा थापा)	९८५०
२३	१८७- २०७९/१०/१९	जित वहादुर थापा	८०००
२४	२१९- २०७९/१०/२९	कुमार थापा	७०००

२५	२५०-२०७९/११/१९	वृत्वा कुमाल	८०००
२६	२६३- २०७९/११/२१	भिमकाली सरोकार समाज	१५०००
२७	२७०-२०७९/११/२६	घिरिङ वहुउदेश्यि सहकारी संस्था	८००००
२८	२८१- २०७९/११/३०	डुम्रिवेसि शिवरात्री महोत्सव व्यवस्थापन समिति	१५०००
२९	२८५- २०७९/१२/०३	ऋषिराम सिग्देल	७०००
३०	३१२- २०७९/१२/२०	नारायण कैलाश	५०००
३१	३२९- २०७९/१२/२२	रा. दलित पत्रकार संघ	७०००
३२	३३३- २०७९/१२/२७	देउ कुमारी दमाई	६०००
३३	३३५- २०७९/१२/२७	लोकतान्त्रीक आदिवासी जनजाति महासंघ	१००००
३४	३४१- २०८०/०१/०४	अखिल नेपाल किसान महासंघ	५०००
३५	३५७- २०८०/०१/१५	राष्ट्रिय युवा संघ नेपाल	१००००
३६	३७८- २०८०/०१/२१	जितमान कुमाल	२००००
३७	४२४- २०८०/०२/२१	सृजना साहित्व सदन	५०००
३८	४३८-२०८०/०२/२९	सुमन थापा	५०००
३९	४५२-२०८०/०२/३२	मान वहादुर दमाई	२००००
४०	५०४- २०८०/०३/१३	रेखा कुमारी कुँवर	१०००००
४१	५११- २०८०/०३/१३	छत्तिसादेवी युवा क्लव	१००००

४२	५१७-२०८०/०३/१५	निरा थापा	१५०००
४३	५२७- २०८०/०३/१८	नन्द माया रानाभाट	१००००
४४	५२७-२०८०/०३/१८	राज कुमार थापा	७०००
४५	५६०- २०८०/०३/१९	चोलि माया थाप	१००००
४६	५६०- २०८०/०३/१९	लेख वहादुर थापा	८०००
४७	५७३- २०८०/०३/२०	होम वहादुर थापा	१००००
४८	५८८- २०८०/०३/२१	तिल वहादुर वि क	२००००
४९	६००- २०८०/०३/२१	भिम वहादुर कुमाल	१००००
जम्मा			८११८५०